# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# शिक्षक, कर्मचारी सेवा नियमावली–२०६९

**कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९**

## विषय सूचि


| क.सं. | विषय | परिच्छेद | पृष्ठ |
|---|---|---|---|
| १ | प्रारम्भिक | १ | ३ |
| २ | शिक्षक, कर्मचारीको दरबन्दी सृर्जना र पदको वर्गीकरण | २ | ५ |
| ३ | सेवा सुरक्षा | ३ | १२ |
| ४ | सरुवा | ४ | १३ |
| ५ | हाजिरी र बिदा | ५ | १५ |
| ६ | तलब, भत्ता, औषधि उपचार, दशैँ खर्च, र सुविधाहरू | ६ | २१ |
| ७ | अवकाश | ७ | २५ |
| ८ | उपदान र निवृत्तिभरण | ८ | २७ |
| ९ | शिक्षक, कर्मचारीको सञ्चयकोष र सापटी | ९ | ३३ |
| १० | शिक्षक, कर्मचारीको आचरण | १० | ३४ |
| ११ | विभागीय कारबाही, सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था | ११ | ३६ |
| १२ | विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य र अधिकार | १२ | ३९ |
| १३ | विश्वविद्यालय सेवा आयोगको बैठक र निर्णय | १३ | ४० |
| १४ | विश्वविद्यालय सेवाको परीक्षा सञ्चालन र पाठ्यक्रम निर्धारण | १४ | ४१ |
| १५ | विश्वविद्यालय सेवा आयोगसँग परामर्शसम्बन्धी कार्यविधि | १५ | ४३ |
| १६ | निरीक्षण | १६ | ४४ |
| १७ | अधिकार प्रत्यायोजन | १७ | ४५ |
| १८ | पुनरावेदन आयोग | १८ | ४७ |
| १९ | विविध | १९ | ४९ |

# कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९

**कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ३१ र ४३ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा वन विज्ञान विश्वविद्यालय सभाले देहायका नियमहरू बनाएको छ।**

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यो नियमको नाम कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ रहेको छ।

(२) यो नियम तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः-** (१) विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा बाहेक यस नियममा:

(क) "ऐन" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ सम्झनुपर्दछ।

(ख) "नियम" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९ सम्झनुपर्दछ।

(ग) "विश्वविद्यालय" भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय सम्झनुपर्दछ।

(घ) "सभा" भन्नाले ऐनको दफा ७ बमोजिमको विश्वविद्यालयको सभा सम्झनुपर्दछ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले ऐनको दफा १२ बमोजिमको कार्यकारी परिषद् सम्झनुपर्दछ।

(च) "सेवा आयोग" भन्नाले ऐनको दफा २१ बमोजिम गठित सेवा आयोग सम्झनुपर्दछ।

(छ) "पुनरावेदन आयोग" भन्नाले यसै नियमको परिच्छेद-१८ बमोजिम गठन भएको पुनरावेदन आयोग सम्झनुपर्दछ।

(ज) "अध्यक्ष" भन्नाले यसै नियमको परिच्छेद-१२ को प्रायोजनको लागि सेवा आयोगको र परिच्छेद-१८ प्रयोजनको लागि पुनरावेदन आयोगको अध्यक्षलाई सम्झनुपर्दछ।

(झ) "सदस्य" भन्नाले यस ऐनको दफा २१ को प्रयोजनको लागि सेवा आयोगको सदस्य र परिच्छेद-१८ लागि पुनरावेदन आयोगको सदस्य सम्झनुपर्दछ।

(ञ) "सङ्काय" भन्नाले विश्वविद्यालयको सङ्कायलाई सम्झनुपर्दछ।

(ट) "विभाग" भन्नाले विश्वविद्यालयको केन्द्रीय विभाग वा शिक्षण विभागहरू सम्झनुपर्दछ।

(ठ) "निकाय" भन्नाले विश्वविद्यालयमा रहेको वा सोअन्तर्गतको कुनै पनि निकाय वा कार्यालय सम्झनुपर्दछ।

(ड) "पदाधिकारी" भन्नाले ऐनको दफा ६ बमोजिमका पदाधिकारीहरू सम्झनुपर्दछ।

(ढ) "उपकुलपति" भन्नाले विश्वविद्यालयका उपकुलपति सम्झनुपर्दछ।

(ण) "रजिष्ट्रार" भन्नाले विश्वविद्यालयका रजिष्ट्रार सम्झनुपर्दछ।

(त) "डीन" भन्नाले विश्वविद्यालयको सङ्काय, स्कूल र कलेजको डीन सम्झनुपर्दछ

$^{\beta+}$**(त$_{१}$)** "प्रिन्सिपल" भन्नाले आङ्गिक वा सम्बन्धन प्राप्त कलेजको प्रिन्सिपललाई सम्झनुपर्दछ।

(थ) "शिक्षक" भन्नाले विश्वविद्यालयको बहालवाला शिक्षक सम्झनुपर्दछ।

(द) "कर्मचारी" भन्नाले विश्वविद्यालयको बहालवाला कर्मचारी सम्झनुपर्दछ।

(ध) "प्रमुख" भन्नाले शिक्षक वा कर्मचारीका पदाधिकारमा वा कार्यरत रहेको निकाय वा कार्यालयको प्रमुख सम्झनुपर्दछ।

---

$^{\beta+}$ चौथो संशोधन २०७३ द्वारा थप।

(न) "विश्वविद्यालय सेवा" भन्नाले विश्वविद्यालयका शिक्षक तथा अन्य कर्मचारीको सेवा सम्झनुपर्दछ ।

(प) "अख्तियारवाला" भन्नाले तोकिको अख्तियारवाला सम्झनुपर्दछ ।

(फ) "उपदान वा निवृत्तिभरण कोष" भन्नाले विश्वविद्यालयको आर्थिक, प्रशासन नियमावलीबमोजिम स्थापना गरिएको विश्वविद्यालयको उपदान तथा निवृत्तिभरण कोष सम्झनुपर्दछ ।

(ब) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस नियम र यस नियमअन्तर्गतका निर्देशिका, कार्यविधि वा कार्यव्यवस्थापन प्रणालीबमोजिम तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्दछ ।

(२) बाधा अडकाउ फुकाउने: यो नियमावलीको कार्यान्वयन गर्दा वा विश्वविद्यालयको कार्य सम्पादन गर्दा कुनै किसिमको बाधा अडकाउ आएमा सो बाधा अडकाउ फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ । यो नियमावली कार्यान्वयन गर्न कुनै बिशेष व्यवस्था गनुपर्ने भएमा कार्यकारी परिषद्ले निर्णय गरी सो व्यवस्था गर्न सकिनेछ। यसरी ***व्यवस्था** गरिएको निर्णय आउंदो सभाबाट अनुमोदन गर्नुपर्नेछ ।

(३) नियमावलीको व्याख्या: यस नियमावलीको व्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

(४) काम, कारबाही वैध हुने: यो नियमावली लागु हुनुभन्दा अगाडि कार्यकारी परिषद् वा उपकुलपति वा रजिष्ट्रार वा अन्य पदाधिकारीले गरे गराएको शिक्षक, कर्मचारी सेवासम्बन्धी काम, कारबाही यसै नियमबमोजिम भए गरेको मानिनेछ ।

(५) बचाउ: विश्वविद्यालय ऐन, नियमबमोजिम विश्वविद्यालयका पदाधिकारी शिक्षक वा कर्मचारीले असल नियतले गरेका कुनै काम कारबाहीका सम्बन्धमा निजहरू उपर मुद्धा चलाइने वा अन्य कुनै कानुनी कारबाही गरिने छैन ।

(६) ऐनको मनसायबमोजिम व्याख्या गर्नुपर्ने: विश्वविद्यालय ऐनमा प्रयुक्त शब्द र वाक्यांशहरू यस नियमावलीमा प्रयोग भएकोमा प्रसङ्गबस अर्को अर्थ लागेमा ती बाक्यांश र शब्दहरूको व्याख्या ऐनकै प्रसङ्गअनुरूप गरिनेछ ।

---

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

## परिच्छेद - २
## शिक्षक, कर्मचारीको दरबन्दी सृर्जना र पदको वर्गीकरण

**३. दरबन्दी सृजनाः-** विश्वविद्यालयमा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारी परिषद्ले तोकेबमोजिम रहनेछ ।

**४. पद तथा श्रेणीहरूको वर्गीकरणः-** (१) विश्वविद्यालयमा देहायका पद तथा श्रेणीहरू रहनेछन्:

**(क) शिक्षक**

पद श्रेणी

१. प्राध्यापक, विशिष्ट

२. सह-प्राध्यापक, प्रथम

३. उप-प्राध्यापक वा सोसरह, द्वितीय

४. शिक्षण सहायक वा सोसरह, तृतीय

**(ख) अधिकृत स्तरका कर्मचारी श्रेणी**

१. प्रशासक वा सोसरह विशिष्ट

२. सह-प्रशासक वा सोसरह प्रथम

३. उप-प्रशासक वा सोसरह द्वितीय

४. सहायक प्रशासक वा सोसरह तृतीय

**(ग) सहायक स्तरका कर्मचारी सहायक**

१. हेड असिस्टेन्ट वा सोसरह (कम्प्यूटर अपरेटर)

२. असिष्टेन्ट वा सोसरह (कम्प्यूटर अपरेटर)

३. सपोर्ट स्टाफ

(२) शिक्षण सहायक स्तरका पद अस्थायी मात्र हुनेछन् र यस पदमा करार सेवामा मात्र नियुक्ति गर्न सकिनेछ । शिक्षण सहायक सेवासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(३) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी परिषद्ले आवश्यकताअनुसार सहायक स्तरका कर्मचारीहरूको वर्गीकरण गर्न सक्नेछ ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय सेवामा कार्यकारी परिषद्ले तोकिएबमोजिमका विभिन्न समूह तथा उपसमूहहरू रहन सक्नेछन् ।

(५) शिक्षाको क्षेत्रमा उल्लेखनीय काम गरेको आधारमा शिक्षकहरूलाई कुलपतिले ***सभाको स्वीकृतिमा** विशिष्ट प्राध्यापक पदमा नियुक्ति गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम नियुक्त विशिष्टि प्राध्यापकको तलब, सुविधा, अवधि र अन्य सेवा शर्त कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

**५. पदपूर्तिः-** (१) विश्वविद्यालय सेवामा रिक्त रहेका वा सृजना गरिएका पदहरूमध्ये आन्तरिक वा खुल्ला प्रतियोगिताद्वारा तोकिएको आधारमा पदपूर्ति गर्न सकिनेछ ।

(२) सेवामा रिक्त रहेका पदहरूमध्ये आन्तरिक वा खुल्ला प्रतियोगिताद्वारा शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, कार्यक्षमता, जेष्ठता र कार्यसम्पादनसमेतको मूल्याङ्कनबाट बढुवाद्वारा पूर्ति गरिने पदहरूको प्रतिशत कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

---

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

[∈+] **२क.** उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कृ.व.वि.वि. ऐनको दफा ३(२) बमोजिम त्रि.वि. बाट यस विश्वविद्यालयमा समायोजन भई आएका कुनै निश्चित पदमा तोकिएको सेवा अवधि पुरा गरेका शिक्षक, कर्मचारीहरूलाई एक पटकका लागि मात्र एक तह माथिल्लो पदमा पद अभिवृद्धि गरी सेवा आयोगको सिफारिसमा बढुवा गरिनेछ ।

[θ+] **द्रष्टब्यः** नियम ५ को उप नियम २क. मा उल्लेखित एकपटकको लागि मात्र भन्ने शब्दावलीले उक्त उप नियम २क. बमोजिम समायोजन भई आएका प्रत्येक कर्मचारीले एक पटक बढुवा प्रक्रियामा सहभागी हुने अवसर पाउनेलाई जनाउनेछ ।

[∈+] **२ख.** उपनियम २क.बमोजिम सेवा आयोगबाट सिफारिस भई बढुवा हुने शिक्षक, कर्मचारीलाई निजको साविक दरबन्दी अभिवृद्धि गरी पदस्थापन गरिनेछ । सो अभिवृद्धि भएको दरबन्दीमा कार्यरत शिक्षक, कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा उक्त दरबन्दी अभिवृद्धि हुनुपूर्वको साविककै दरबन्दीमा परिणत हुनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय सेवालाई समावेशी बनाउन सेवा प्रवेशको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत पद छुट्ट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेदवारबिचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :

(क) महिला - तेत्तीस प्रतिशत

(ख) आदिवासी /जनजाति- सत्ताईस प्रतिशत

(ग) मधेसी- बाईस प्रतिशत

(घ) दलित - नौ प्रतिशत

(ङ) अपाङ्ग - पाँच प्रतिशत

(च) पिछडिएको क्षेत्र - चार प्रतिशत

(१) यस उपनियमको प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ ।

(२) यस उपनियको खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेसी र दलित" भन्नाले आर्थिक समाजिक रूपमा पछाडि परेका "महिला, आदिवासी/जनजाति, मधेसी र दलित सम्झनुपर्छ" ।

[π+] **(३क)** उप नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस विश्वविद्यालयमा कम्तीमा २ वर्षसम्म पूर्णकालीन करार/अस्थायी सेवा गरेका उप-प्राध्यापक, सहायक प्राध्यापक, सहायक प्रशासक वो सोसरह र सोभन्दा मुनिका पदहरूमा एक पटकका लागि मात्र उनीहरूको बिच मात्र विशेष आन्तरिक खुल्ला प्रतियोगिता गराई स्थायी पदपूति गरिने छ र यो व्यवस्था २०७४ साल आश्विन मसान्तसम्म मात्र कायम रहनेछ ।

---

[∈+] तेस्रो संशोधन २०७२ द्वारा थप ।

[θ+] छैठौं संशोधन २०७६ द्वारा थप ।

[π+] पाँचौं संशोधन २०७४ द्वारा थप ।

⊕+**(३ख.)** उप नियम (१), (२) र (३क.) मा जुनसुकै कुरा लेखिएको **भए** तापनि यस विश्वविद्यालय सेवामा कम्तीमा ३ वर्षसम्म कार्यरत रही हाल करार सेवामा रहेका उप-प्राध्यापक, हेड असिष्टेण्ट वा सोसरह वा सोभन्दा मुनिका पदहरूमा एक पटकको लागि मात्र उनीहरूबिच मात्र विशेष आन्तरिक प्रतियोगिता गराई स्थायी पदपूर्ति गरिनेछ । यो व्यवस्था २०८० चैत्र मसान्तसम्म मात्र कायम रहनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) को खण्ड ङ बमोजिम निर्धारित प्रतिशतको पदको पद कुनै खास प्रकृतिको तोकिएबमोजिमका अपाङ्गहरूबिच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ ।

(५) उपनियम (३) बमोजिम प्रतिशत निर्धारण गर्दा १ (एक) प्रतिशतभन्दा घातङ्क (फ्र्याक्शन) आएमा त्यस्तो घातङ्क जुन समुहको घातङ्क आएको हो सोभन्दा लगतै पछिको समुहमा सर्दै जानेछ ।

⊕+**५क. कर्मचारीको बढुवासम्बन्धी विशेष व्यवस्थाः** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीमा कम्तीमा १५ वर्षसम्म स्थायी सेवामा बहाल रही रहेको उप प्रशासक वा सोसरह वा सोभन्दा मुनिको कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवाका कर्मचारीले अनिवार्य अवकाश पाउन एक महिना बाँकी भएमा त्यस्तो कर्मचारीलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछ ।

(२) एउटै पदमा कम्तीमा पन्ध्र वर्षसम्म स्थायी सेवामा बहाल रही रहेका उप प्रशासक वा सोसरह वा सोभन्दा मुनिका निवृत्तिभरण पाउने अवस्था भएका र उमेरको हद ५० (पचास) वर्ष पुरा गरेका कर्मचारीले कृषि तथा वन विज्ञान विश्वविद्यालयले स्वच्छिक अवकाशको लागि सूचना निकालेको समयभित्र निवेदन दिएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरी एक महिनाभित्र अवकाश दिइनेछ

(३) उप नियम (१) वा (२) बमोजिम बढुवा गर्नका लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद (साविक पद यथावत रहने गरी) खारेज हुनेछ । यो बढुवासम्बन्धी विशेष व्यवस्था श्रेणी विहीन कर्मचारीहरूको हकमा लागु हुने छैन ।

(४) माथि जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा यस नियमबमोजिमको अवधि पुरा भएका कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एक श्रेणी माथिको पदमा निवृत्तिभरण लगायतका अन्य सुविधा प्रदान गरिनेछ ।

⊕+**५ख.** यस विश्वविद्यालयमा श्रेणीविहीन पदमा स्थायी सेवामा रही सवारी चालक सेवा प्रदान गरिरहेका तर सवारी चालकको पदमा नियुक्ति हुन नसकेका त्यस्ता कर्मचारीलाई अन्तिम एक पटकको लागि मात्र सेवा आयोगको सिफारिसमा सवारी चालक पदमा नियुक्त गर्न सकिने ।

(६) उपनियम (३) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार हुन नसकेमा खुल्ला प्रतिस्पर्धाद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ ।

---

⊕+ सातौं संशोधन २०८० द्वारा थप ।

⊕+(६क.) **कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा प्रतियोगिताः** विश्वविद्यालय सेवामा कार्यरत पदमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पुरा भएका विश्वविद्यालयका कर्मचारीहरूले मात्र आफ्नो सेवा समुहको एक तह माथिको पदको बढुवाको प्रतियोगिताको लागि उम्मेदवार हुन पाउने छन् । तर महिला, मधेसी, दलित, आदिवासी/जनजाती, अपाङ्ग र पिछडिएका क्षेत्रका उम्मेदवारहरूले आवेदित पदभन्दा एक तह मुनिको पदमा ४ वर्ष स्थायी सेवा अवधि पुरा गरेका कर्मचारीले बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छन् । यस नियममा उल्लेखित ४ वर्षको सेवा अवधिको व्यवस्था विश्वविद्यालय सभाबाट यो नियम पारित भएको मितिभन्दा अगाडि प्रकाशित भएको विज्ञापनको हकमा लागु हुने छैन । यो सुविधा खुला प्रतियोगिताबाहेक एक पटक उपभोग गरेपछि पुनः उपभोग गर्न पाइने छैन ।

⊕+(६ख.) **आन्तरिक प्रतियोगिताः** विश्वविद्यालय सेवाको कार्यरत पदका लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र पदोन्नति हुने पदको श्रेणीभन्दा एक तह मुनिको श्रेणीको पदमा न्यूनतम ५ वर्ष स्थायी सेवा अवधि पुरा भएका कर्मचारीहरूले आन्तरिक प्रतियोगितामा भाग लिन पाउने छन् । तर महिला, मधेसी, दलित, आदिवासी/जनजाती, अपाङ्ग र पिछडिएका क्षेत्रका उम्मेदवारहरूले आवेदित पदभन्दा एक तह मुनिको पदमा ४ वर्ष स्थायी सेवा पुरा गरेको भएमा आन्तरिक प्रतियोगिताको लागि सम्भाब्य उम्मेदवार हुन पाउने छन् । यस नियममा उल्लेखित ४ वर्षको सेवा अवधिको व्यवस्था विश्वविद्यालय सभाबाट यो नियम पारित भएको मितिभन्दा अगाडि प्रकाशित भएको विज्ञापनको हकमा लागु हुने छैन । यो सुविधा खुला प्रतियोगिताबाहेक एक पटक उपभोग गरेपछि पुनः उपभोग गर्न पाइने छैन ।

(७) उपनियम (३) द्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक १० (दश) वर्षमा पुनरावलोकन गर्नुपर्ने छ ।

**६. उम्मेदवारको लागि आवश्यक न्यूनतम योग्यताः-** (१) विश्वविद्यालय सेवाको पदमा नियुक्ति र बढुवाका निमित्त उमेदवार हुन चाहिने आवश्यक न्यूनतम योग्यता शिक्षकको लागि प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्ले र कर्मचारीको लागि कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

(२) विश्वविद्यालय सेवाको पदमा शिक्षकको तथा कर्मचारीको नियुक्ति र बढुवाका लागि सिफारिस गर्ने आधार र कार्यसम्पादन मूल्याङ्कन कार्यकारी परिषद्को सिफारिसमा सेवा आयोगले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्ति र बढुवाको आधार कार्यक्षमताको अङ्कको विभाजन कार्यकारी परिषद्को सिफारिसमा सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) सेवा आयोगले गरेको आन्तरिक प्रतियोगिताद्वारा नियुक्ति वा बढुवाको सिफारिसमा चित्त नबुझ्ने शिक्षक तथा कर्मचारीले सो सिफारिस गरेको मितिले १५ (पन्ध्र) दिनभित्र पुनरावेदन आयोगमा उजुरी दिन सक्नेछन् ।

(५) उपनियम (४) बमोजिम परेको उजुरीमा पुनरावेदन आयोगले ३० (तीस) दिनभित्र अन्तिम कारबाही किनारा गरिसक्नुपर्नेछ ।

(६) उपनियम (५) को म्यादभित्र अन्तिम किनारा नभई म्याद थप गर्नु पर्ने भएमा सोको कारण खुलाई म्याद थपको लागि कार्यकारी परिषद्मा पेश गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम माग गरिएको म्याद थप स्वीकृत भएमा सो माग गरिएको अवधिभित्र अन्तिम किनारा लगाईसक्नुपर्नेछ ।

---

⊕+ सातौ संशोधन २०८० द्वारा थप ।

(८) उपनियम (७) बमोजिम बढेको म्यादभित्र पनि उक्त उजुरीको अन्तिम किनारा नलागेमा नियुक्ति वा बढुवाको लागि सिफारिस गरिएको व्यक्तिलाई नियुक्ति दिन बाधा हुने छैन ।

(९) (क) उम्मेदवार हुनको लागी अयोग्यता: (१) विश्वविद्यालय सेवाको पदमा देहायका व्यक्तिहरू उम्मेदवार हुन सक्ने छैनन्:-

(अ) अधिकृत स्तरभन्दा मुनिका पदमा १८ (अठार) वर्ष उमेर पुरा नभएका,

(आ) शिक्षक तर्फ र अधिकृत स्तरका कर्मचारी तर्फका पदमा २१ (एक्काईस) वर्ष उमेर पुरा नभएका,

(इ) सेवा प्रवेशको लागि #**पुरुषको हकमा** ३५ (पैतिस) वर्ष र महिलाको हकमा ४० वर्ष उमेर पुरा भएको तर उप-प्राध्यापकको हकमा ४५ वर्ष पुरा भएको तर शिक्षक तर्फ सह प्राध्यापक र प्राध्यापकको खुला प्रतियोगीतामा ५० वर्ष नाघेका विश्वविद्यालय सेवा वाहिरका व्यक्ति उम्मेदवार हुन सक्ने छैनन। ∞+**विश्**वविद्यालय सेवाका स्थायी र मिति २०७९ आषाढ मसान्तसम्ममा करार सेवामा नियुक्त गरिएका बहालवाला शिक्षक, कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ई) भविष्यमा विश्वविद्यालय सेवा वा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वरखास्त गरिएका,

(उ) गैर नेपाली नागरिक,

(ऊ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएका ।

**७. नियुक्ति:-** (१) शिक्षक तथा कर्मचारीहरूलाई सेवा आयोगको सिफारिसमा विश्वविद्यालय सेवामा कार्यकारी परिषद्द्वारा नियुक्ति र बढुवा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम सेवा आयोगबाट सिफारिस भएका व्यक्तिलाई नियुक्ति गर्नको लागि कार्यकारी परिषद्ले विश्वविद्यालयका पदाधिकारी वा अख्तियारवालामध्ये कसैलाई सो कार्य गर्न तोक्न सक्नेछ ।

(३) विश्वविद्यालय सेवामा नियुक्ति वा बढुवा पाएका शिक्षक तथा कर्मचारीलाई नतिजा प्रकाशन भई उजुरीको म्याद सकिएको वा उजूरीको अन्तिम किनारा लागेको मितिले १५ (प्रन्ध्र) दिनभित्र नियुक्ति वा बढुवापत्र दिइनेछ ।

(४) सम्बन्धित शिक्षक, कर्मचारीको नाममा नियुक्ति वा बढुवापत्र जारी भएको मितिले १५ (पन्ध्र) दिनभित्र नियुक्ति वा बढुवा पाउने व्यक्तिले सो नियुक्ति वा बढुवा पत्र बुझिसक्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम पत्र बुझेको मितिले ३० (तीस) दिनभित्र तोकिएको स्थान वा कार्यालयमा हाजिर भइसक्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम म्यादभित्र हाजिर नभएमा सो नियुक्ति वा बढुवा स्वत: रद्द हुनेछ ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको स्थायी सेवामा भएका शिक्षक वा कर्मचारीहरू अध्ययन बिदा, काज वा अन्य बिदामा बसेको अवस्थामा यो नियम लागु हुने छैन ।

**८. परीक्षणकाल:-** (१) विश्वविद्यालय सेवाका पदहरूमा स्थायी नियुक्ति भएका शिक्षक, कर्मचारी १ (एक) वर्षको परीक्षणकालमा रहनेछन् ।

(२) परीक्षणकालको कार्य सम्पादन सन्तोषजनक नभएमा सो नियुक्ति रद्द गरिनेछ ।

⊕**(३) उप नियम (२)** बमोजिम नियुक्ति रद्द नगरिएका शिक्षक, कर्मचारीहरूको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वत: सदर भएको मानिनेछ । तर कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवाको कुनै पदमा परीक्षणकाल समाप्त भैसकेका शिक्षक कर्मचारी कृषि तथा वन विज्ञान विश्वविद्यालय

---

# दोस्रो संशोधन २०७१ द्वारा संशोधित ।

∞+ आठौं संशोधन २०८१ द्वारा थप ।

⊕ सातौ संशोधन २०८० द्वारा संशोधित ।

सेवाको अर्को कुनै पदमा स्थायी नियुक्ति भई आएमा त्यस्तो शिक्षक कर्मचारीलाई परीक्षणकालमा राखिने छैन ।

**९. अस्थायी नियुक्तिः-** (१) विश्वविद्यालय सेवाको पद रिक्त भएमा सो पदमा सेवा आयोगले तोकिएको आधार र कार्यविधि पुरा गरी सार्वजनिक सूचना प्रकाशित गरी प्रतिस्पर्धाद्वारा तोकिएको अधिकारीबाट एक पटकमा १ (एक) वर्षसम्मका लागि करारमा नियुक्ति गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम रिक्त भएको पदमा सेवा आयोगबाट स्थायी नियुक्ति सिफारिस भई आएमा अस्थायी वा करारमा भएको नियुक्ति स्वतः खारेज हुनेछ तर स्थायी नियुक्ति सिफारिस भई नआएसम्मको लागि तोकिएको पदाधिकारीले अस्थायी वा करारको म्याद थप गर्न सक्नेछ ।

(३) कुनै शिक्षक बिदा वा काजमा रहेमा उपयुक्त व्यक्तिद्वारा आंशिक समयको सेवा लिने गरी तोकिएको पदाधिकारीले आवश्यक व्यवस्था गर्नेछ ।

(४) सेवा आयोगको सिफारिसमा पूर्ति गरिने पद रिक्त भएमा पदपूर्तिको लागि रिक्त भएको मितिबाट बढीमा ३ (तीन) महिनाभित्र सेवा आयोगलाई सोको जानकारी दिइसक्नुपर्नेछ ।

**१०. करार र आगन्तुक शिक्षकः-** (१) यस नियममा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि आवश्यकताअनुसार विश्वविद्यालयले विशेष दरबन्दी सृर्जना गरी ख्याति प्राप्त अनुभवी र दक्ष व्यक्तिलाई करारबमोजिम काम गराउन सक्नेछ ।

***(२) उपनियम (१)** बमोजिम विशेष योग्यता र क्षमता भएका व्यक्तिलाई विशेष करारमा कार्यकारी परिषद्ले निर्णय गरी प्रचलित तलब स्केलभन्दा बढि तलब तथा अन्य सुविधा दिई काममा लगाउन सकिनेछ ।

(३) विश्वविद्यालय वा सरकारी वा अनुसन्धान केन्द्रहरूमा कार्यरत कुनै खास योग्यता प्राप्त गरेको व्यक्तिलाई विद्यापरिषद्को सिफारिसमा कार्यकारी परिषद्ले आगन्तुक शिक्षकको रूपमा कार्यकारी परिषद्ले तोकेबमोजिमको सुविधा दिई काम गराउन सक्नेछ ।

(४) विद्यापरिषद् र प्राज्ञिक परिषद्को सिफारिसमा शिक्षा र अनुसन्धान क्षेत्रमा महत्वपूर्ण योगदान दिएका दक्ष तथा अनुभवि, ख्याति प्राप्त र विशिष्ट शिक्षकलाई कार्यकारी परिषद्ले अवैतनिक मानार्थ ( अनरेरी) प्राध्यापक पद प्रदान गर्न सक्नेछ ।

**११. पदावधिको गणनाः-** यस नियमावलीको नियम ८ अनुसार स्थायी पदमा नियुक्ति पाई परीक्षण कालमा रहेका शिक्षक, कर्मचारीको नियुक्ति सदर कायम भएमा सो परीक्षण कालको अवधिलाई प्रत्येक वर्षमा थप गरिने ग्रेड वृद्धि तथा अन्य प्रयोजनको लागि गणना गर्नुपर्नेछ ।

**१२. कायम मुकायमः-** ⊕**(१) विश्वविद्यालय** सेवाको महाशाखा प्रमुख कम्तीमा प्रथम श्रेणीको अधिकृत हुनेछ र शाखा प्रमुख कम्तीमा तृतीय श्रेणीको अधिकृत हुनेछ ।

⊕**(२) उक्त पदमा** कुनै कारणवस ३० (तीस) दिनभन्दा बढी रिक्त भएमा सो रिक्त भएको महाशाखा प्रमुख वा शाखा प्रमुख पदमा सोभन्दा एक तह मुनिको पदमा कार्यरत कर्मचारी मध्येबाट कार्यकारी परिषद्ले सो रिक्त रहेको पदको काम सम्हाल्न कायम मुकायम मुकर्रर गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कायम मुकायम भई काम गरेको पदको सुरु तलबको अङ्कमा तलब दिँदा निजले साविक पदबाट खाइपाइ आएको तलब भन्दा घटी हुने देखिएमा खाइपाइ आएको तलबमा नघट्ने गरी थप ग्रेड दिन सकिनेछ ।

---

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

⊕ सातौं संशोधन २०८० द्वारा संशोधित ।

(४) कायम मुकायम भई काम गरेकोमा सो कामको जवाफदेहिता कायम मुकायम भई काम गर्ने शिक्षक, कर्मचारीले वहन गर्नुपर्नेछ ।

(५) पुरा वर्ष कायम मुकायम भई काम गर्ने शिक्षक/कर्मचारीले अन्य कर्मचारीले पाएसरह ग्रेड वृद्धि पाउनेछन् ।

(६) कायम मुकायम मुकर्रर गर्न सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ ।

**१३. निमित्तः-** (१) विश्वविद्यालयको कुनै निकाय वा कार्यालयको प्रशासकीय अधिकार प्रयोग गर्ने मुख्य व्यक्ति वा विभागीय प्रमुख कुनै कारणले ३० (तीस) दिनभन्दा कम अवधिका निमित्त अनुपस्थित भएमा निजको मातहतको तोकिएको पदाधिकारी, शिक्षक वा कर्मचारीले निमित्त भई दैनिक कार्य सञ्चालन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निमित्त भई काम गर्दा सो कामको जवाफदेहिता काम गर्ने शिक्षक, कर्मचारी वा पदाधिकारीउपर नै हुनेछ ।

(३) उपनियम (१) बमोजिम निमित्त भई काम गरेकोमा ***७ (सात) दिनभन्दा** कम अवधिका लागि कुनै प्रकारको भत्ता दिइनेछैन । तर ७ (सात) दिनभन्दा बढी काम गरेकोमा काम गरेको पदको शुरु तलब स्केलबमोजिम तलब भत्ता दिइनेछ ।

**१४. पदाधिकारः- (१)** विश्वविद्यालयका शिक्षक वा कर्मचारीको राजीनामा स्वीकृत भएमा, वा निज बर्खास्त भएमा वा निजले अवकाश पाएमा वा बढुवा भएमा वा निज एक पदबाट अर्को पदमा सरुवा भएको अवस्थामा बाहेक देहायको अवस्थामा शिक्षक तथा कर्मचारीको आफ्नो पदमाथिको पदाधिकार कायम रहको मानिनेछ ।

(क) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ख) पदमा कामकाज गरी रहँदासम्म,

(ग) निलम्बन रहेकोमा,

(घ) बिदामा बसेकोमा,

(ङ) काजमा खटाइएकोमा,

(च) कायम मुकायम भई काम गरेकोमा ।

θ+**१४(२)** नियम १४(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस विश्वविद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरूले अन्य देशको स्थायी बसोबासको प्रमाणपत्र लिएमा निज शिक्षक, कर्मचारीहरूको पदाधिकार स्वतः समाप्त हुनेछ ।

---

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

θ+ छैठौं संशोधन २०७५ द्वारा थप ।

## परिच्छेद - ३
## सेवा सुरक्षा

**१५. सेवा सुरक्षाः-** विश्वविद्यालयका शिक्षक, कर्मचारीलाई देहायको अवस्थामा बाहेक सफाइको उचित मौका नदिई विश्वविद्यालय सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ख) भागी वेपत्ता भएमा वा अन्य कुनै कारणले सम्पर्क हुन नसकेमा,

(ग) म्यादी पदमा बहाल रहेकोमा,

(घ) भ्रष्टाचारको आरोपमा अदालतबाट कसुरदार ठहरिएमा,

**१६. सेवा-शर्तको सुरक्षाः-** (१) शिक्षक वा कर्मचारीलाई नियुक्त हुँदा कायम रहेको तलब, उपदान, निवृतिभरणसम्बन्धी शर्तहरूमा निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गर्न पाइने छैन ।

(२) शिक्षक वा कर्मचारी माथिल्लो पदमा बढुवा भएमा बढुवा भएको पदको शुरु स्केल साविक पदमा रही खाइपाइ आएको तलब बराबर वा बढी भएमा मात्र बढुवा भएको माथिल्लो पदमा आवश्यक ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(३) यस विश्वविद्यालय ऐनबमोजिम त्रि.वि. अर्न्तगतका आंङ्गिक क्याम्पसका शिक्षक, कर्मचारी यस विश्वविद्यालयमा तोकिएबमोजिम समायोजन भई आउँदा निजहरूको स्थायी, अस्थायी र पूर्णकालीन करारमा काम गरेको अवधिलाई समेत गणना गरिनेछ ।

(४) यस विश्वविद्यालय ऐनको दफा ३ (२) बमोजिम समावेश गरिएका त्रि.वि. अर्न्तगतका आंङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसका शिक्षक, कर्मचारी समायोजन भई यस विश्वविद्यालयमा आउँदा साविककै जे जुन पदमा बहाल रहेका हुन सोही पदमा समायोजन हुनेछन् ।

(५) त्रि.वि.बाट समायोजन भई आउने शिक्षक तथा कर्मचारीहरूलाई यस विश्वविद्यालयले २ (दुई) ग्रेड थप गर्न सक्नेछ ।

***(६) उपनियम (४)** बमोजिम समायोजन भई आएका शिक्षक, कर्मचारीको तलब, भत्ता, सेवाका शर्त सुविधाहरू कम हुने गरी परिवर्तन गरिने छैन ।

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

## परिच्छेद - ४
## सरुवा

**१७. सरुवा:-** (१) शिक्षक वा कर्मचारीलाई आवश्यकताबमोजिम विश्वविद्यालयको एक निकायबाट अर्को निकायमा वा समान तहको अर्को पदमा सरुवा गर्न सकिनेछ ।

(२) शिक्षक वा कर्मचारी एक निकायबाट अर्को निकायमा सरुवा हुँदा ७ (सात) दिनभित्रमा रमानापत्र बुझिसक्नुपर्नेछ ।

**१८. सरुवा गर्ने अधिकारी:-** (१) विश्वविद्यालय ऐनमा लेखिएकोमा सोहीबमोजिम र सोबाहेक देहायका शिक्षक तथा कर्मचारीलाई देहायका अधिकारीले सरुवा गर्नुपर्नेछ ।

(क) यस नियमावलीको नियम १७ बमोजिम सरुवा गर्दा कार्यकारी परिषद्को निर्णयबाट रजिष्ट्रारले सरुवा गर्न सक्नेछ ।

(ख) कर्मचारी वा शिक्षकलाई एउटै सङ्कायअन्तर्गत सरुवा गर्दा सम्बन्धित डीनले सरुवा गर्न सक्नेछ ।

(ग) कर्मचारीलाई कुनै सङ्काय, आंङ्गिक कलेज, केन्द्र वा विभाग वा विश्वविद्यालयको कुनै निकायमध्ये एक अर्कामा सरुवा गर्दा सम्बन्धित निकायको प्रमुखको सहमतिमा रजिष्ट्रारले सरुवा गर्नेछ ।

**१९. काज:-** (१) विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई विश्वविद्यालयको एक निकायबाट अर्को निकायमा र विश्वविद्यालयबाहिरको कुनै सरकारी वा गैरसरकारी निकाय वा कार्यालयमा तोकिएबमोजिम काजमा पठाउन सकिनेछ ।

(२) विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई विश्वविद्यालय बाहेकको कुनै सरकारी वा गैरसरकारी निकाय वा कार्यालयमा ३ (तीन) महिना वा सोभन्दा बढी काजमा पठाउनुपर्ने भएमा सो काज बेतलबी काज मानिनेछ ।

(३) विश्वविद्यालय सेवा अवधिभरमा बेतलबी काजमा पठाउने अवधिको सीमा कार्यकारी परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) उपनियम (२) र (३) बमोजिम बेतलबी काजमा पठाउनुपरेमा नेपाल सकारबाट नियुक्ति हुने पदमा बाहेक अन्य काजमा गएका शिक्षक वा कर्मचारीलाई काजमा लिने कार्यालयमा निर्धारित तलबको १० (दश) प्रतिशतमा नघट्ने गरी कार्यकारी परिषद्ले तोकेबमोजिम विश्वविद्यालय कोषमा जम्मा गराउनुपर्नेछ ।

(५) विश्वव्दियालयबाट तलबी वा बेतलबी काजमा रहेको शिक्षक वा कर्मचारीले विश्वविद्यालयबाहेकको सरकारी वा गैरसरकारी निकाय वा कार्यालयबाट उपदान वा विरामी बिदा वा स्वास्थ्यपचार वा यस नियमअन्तर्गत कुनै दातृसंस्थाबाट सुविधा उपभोग गरेको भएमा सोबापतको रकम विश्वविद्यालयले निज शिक्षक वा कर्मचारी अवकास हुँदाका बखत प्राप्त गर्ने रकमबाट कट्टी गर्नुपर्नेछ ।

**२०. काज खटाउने अधिकार:-** विश्वविद्यालयबाहेकको सरकारी वा गैरसरकारी निकायमा विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई देहायको अख्तियरवालाले काज खटाउन सक्नेछ ।

(क) प्राध्यापक वा सह-प्राध्यापक, प्रशासक वा सह-प्रशासक श्रेणीका शिक्षक वा कर्मचारीलाई कार्यकारी परिषद्को निर्णयबाट ।

(ख) उपनियम (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि ३ (तीन) महिनाभन्दा कम अवधिको लागि उपकुलपतिले काज खटाउन सक्नेछ ।

(ग) उपनियम (क) मा लेखिएबाहेकका शिक्षक, कर्मचारीलाई सम्बन्धित निकाय प्रमुखको सिफारिसमा रजिष्ट्रारले,

(घ) सेवाको अभिलेखको प्रयोजनको निमित्त केन्द्रीय कार्यालयमा बेतलबी काजमा खटाइएको विवरणसहितको जानकारी सम्बन्धित कार्यालयले अनिवार्य रूपमा दिनुपर्नेछ।

## परिच्छेद - ५
## हाजिरी र बिदा

२१. **हाजिरीः-** यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक विश्वविद्यालयका शिक्षक तथा कर्मचारीले तोकिएको समयमा विश्वविद्यालयको सम्बन्धित निकाय वा कार्यालयमा तोकिएबमोजिम रुजु हाजिर रहनुपर्नेछ । तोकिएबमोजिमको निर्धारित समयमा कार्यालयमा नआउने र कार्यालयमा पटक-पटक ढिलो आउने चाडो जाने तथा कार्यालयको काममा बाहेक कार्यालय समयमा स्वीकृति नलिई कार्यालय छोड्ने शिक्षक र कर्मचारीलाई सम्बन्धित प्रमुखले गयल कट्टी गर्न सक्नेछ ।

मनासिब माफिकको कारण परेमा बाहेक बिदाको निकासा नलिई कुनै पनि शिक्षक, कर्मचारी आफ्नो कार्यालयमा अनुपस्थित हुन हुँदैन । यसरी अनुपस्थित हुने शिक्षक, कर्मचारीले ७ (सात) दिनभित्रमा बिदाको निवेदन दिनुपर्नेछ ।

२२. **हाजिरीको अभिलेखः-** विश्वविद्यालयको सेवामा कार्यरत शिक्षक, कर्मचारीको हाजिरीको अभिलेख कार्यकारी परिषद्ले तोकेबमोजिम राखिनेछ ।

२३. **विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई देहायका बिदाको सुविधा दिन सकिनेछः-**

(क) घर बिदा,
(ख) विरामी बिदा,
(ग) प्रसूति बिदा र प्रसूति सेवा बिदा,
(घ) पर्व बिदा,
(ङ) भैपरी आउने बिदा,
(च) क्रिया बिदा,
(छ) अध्ययन बिदा,
(ज) स्वाध्ययन बिदा,
(झ) असाधारण बिदा, र
(ञ) विशेष तलबी बिदा ।

२४. **घर बिदाः-** ⊕**(१) शिक्षक वा कर्मचारीले** काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउनेछ । यस नियमको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले सो अवधिभित्र लिएको भैपरी, पर्व, विरामी, प्रसूति र प्रसूति सेवा बिदा, क्रिया बिदा र सार्वजनिक बिदालाई समेत जनाउँछ ।

⊕+**(१क)** घर बिदा, अध्ययन बिदा वा असाधारण बिदामा बसेका शिक्षक वा कर्मचारीले सो अवधिको घर बिदा पाउने छैन ।

(२) विश्वविद्यालयका शिक्षक कर्मचारीले घर बिदामा बस्नुभन्दा अगाडि अनिवार्य रूपमा बिदा स्वीकृत गराई मात्र बिदामा बस्न सक्नेछन् ।

(३) शिक्षक र कर्मचारी वर्षको १ (एक) पटक घर बिदामा जाँदा र फर्कदा उचित बाटोको म्याद पाउनेछ ।

(४) चाडपर्व, विरामी, भैपरी बिदा र क्रिया बिदाबाहेक अन्य बिदा बसेको समयको घर बिदा दिइने छैन ।

(५) घर बिदा बढीमा २१० (दुई सय दश) दिनसम्म सञ्चित गर्न पाइनेछ ।

---

⊕ सातौं संशोधन २०८० द्वारा संशोधित ।

⊕+ सातौं संशोधन २०८० द्वारा थप ।

(६) शिक्षक वा कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदाबापत निजको पदाधिकार रहेको पदबाट खाइपाइ आएको तलबको दरले हुन आउने रकम एकमुष्ठ पाउनेछन् ।

(७) सेवा कायम रहदै कुनै शिक्षक, कर्मचारीको मृत्यु भएमा निजको सञ्चित रहेको घर बिदाको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुने रकम निजको नजिकको हकवालाले पाउनेछ ।

(८) हिउँदे वा वर्षे बिदाको समय कार्यकारी परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

⊕×**(९) र (१०) खारेज ।**

**२५. विरामी बिदाः-** (१) शिक्षक वा कर्मचारीलाई १ (एक) वर्षको सेवाका लागि १५ (पन्ध्र) दिनको पुरा तलबी वा ३० (तीस) दिनको आधा तलबी बिरामी बिदा दिन सकिनेछ ।

(२) शिक्षक वा कर्मचारीले ७ (सात) दिनभन्दा बढी समयको विरामी बिदा बस्नु परेमा सो बिदामा बस्ने शिक्षक वा कर्मचारीको बिदा स्वीकृत गर्ने अख्तियारवालालाई आवश्यक लागेमा विश्वविद्यालयबाट मान्यता प्राप्त चिकित्सकको विरामी भएको प्रमाणपत्र पेश गराउन सक्नेछ ।

(३) शिक्षक वा कर्मचारीले यस नियमबमोजिम पाउने विरामी बिदा सञ्चित गरी राख्न सक्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि असाधारण बिदामा बसेको अवधिको विरामी बिदा दिइने छैन ।

(५) विश्वविद्यालयबाहेकको निकाय वा कार्यालयमा काज खटिएका शिक्षक, कर्मचारीलाई काजमा बसेको अवधिको विरामी बिदा दिइने छैन ।

(६) उपनियम (३) बमोजिम सञ्चित विरामी बिदाबापत कुनै शिक्षक वा कर्मचारी सेवाबाट अलग भएमा निजको पदाधिकार रहेको पदबाट खाइपाइ अएको तलबको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

(७) सेवा अवधिभित्र शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित विरामी बिदाको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुन आउने रकम प्रचलित कानूनबमोजिम निजको हकवालालाई प्रदान गरिनेछ ।

(८) ठूलो वा कडा रोग लागी उपचार गर्न शिक्षक वा कर्मचारीले सञ्चित गरेको विरामी बिदा तथा घर बिदाबाट नपुग भएमा औषधि उपचारको लागि निजले पछि काम गरी पाउने १ (एक) वर्षको घर बिदा र बिरामी बिदाबाट कट्टा हुने गरी ४५ (पैँचालिस) दिनसम्मको पेश्की स्वरूप थप विरामी बिदा लिन सक्नेछ । त्यसरी पेश्की विमारी बिदा लिई बसेको शिक्षक वा कर्मचारीले पुरा तलब पाउनेछ ।

(९) उपनियम (८) बमोजिम लिएको बिदासमेतबाट नपुग भई थप बिदा लिनु परेमा कार्यकारी परिषद्ले तोकेका चिकित्सकहरूको समितिको सिफारिसमा शिक्षक वा कर्मचारीले पाउने असाधारण बिदाबाट कट्टा हुने गरी कार्यकारी परिषद्को निर्णयबाट सेवा अवधिभरमा बढीमा १ (एक) वर्षसम्मको विरामी बिदा दिन सकिनेछ ।

(१०) उपनियम (८) र (९) बमोजिम औषधि उपचारको लागि विरामी बिदा लिने शिक्षक, कर्मचारीको मृत्यु भएमा निजले लिएको विरामी बिदाको पेश्की स्वतः मिनाहा हुनेछ ।

(११) पदाधिकारीसम्बन्धी नियममा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको कुनै पनि पदाधिकारीको पदमा नियुक्ति शिक्षक वा कर्मचारीलाई सो पदमा काम गरेको अवधिको वार्षिक १५ (पन्ध्र) दिनको दरले विरामी बिदा ***पाउनेछन् ।**

---

⊕× सातौं संशोधन २०८० द्वारा खारेज ।

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

२६. **प्रसूति र प्रसूति सेवा बिदाः-** ⊕(१) **प्रसूति बिदाः** विश्वविद्यालयको स्थायी सेवामा कार्यरत कुनै महिला शिक्षक वा कर्मचारीलाई सुत्केरीका लागि सुत्केरी हुनुभन्दा अघि वा पछि कम्तीमा ९८ (अन्ठानब्बे) दिनसम्मको प्रसूति बिदा दिइनेछ ।

⊕(२) **विश्वविद्यालयमा** २ वर्ष वा सोभन्दा बढी अस्थायी वा करार सेवाका कुनै महिला शिक्षक वा कर्मचारीलाई ७० (सत्तरी) दिनको पुरा तलबी प्रसूति बिदा दिइने छ र २ वर्षभन्दा कम सेवा अवधि भएकालाई आधा तलबी प्रसूति बिदा दिइनेछ ।

(३) पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रसूति हुँदा निजलाई १५ (पन्ध्र) दिनको पुरा तलबी प्रसूति सेवा बिदा दिइनेछ ।

(४) प्रसूति र प्रसूति सेवा बिदा सेवा अवधिभर २ (दुई) पटक मात्र दिइनेछ ।

(५) प्रसूति र प्रसूति सेवा बिदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक बनाई राख्नुपर्नेछ ।

२७. **पर्व बिदाः-** (१) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीलाई वर्षभरिमा बढीमा ६ (छ) दिनसम्मको पर्व बिदा दिइनेछ ।

(२) पर्व बिदा सञ्चित गर्न पाइने छैन ।

२८. **भैपरी बिदाः-** (१) विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई एक वर्षमा बढीमा ९ (नौ) दिनसम्मको भैपरी बिदा दिइनेछ ।

(२) दैवी वा आकस्मिक परेकोमा बाहेक भैपरी आउने बिदा पूर्वस्वीकृति बेगर बस्न पाइने छैन र यो बिदा सञ्चित गर्न पाइने छैन ।

२९. **क्रिया बिदाः-** (१) विश्वविद्यालयका शिक्षक वा कर्मचारीको बाबु, आमा, लोग्ने वा स्वास्नी, छोरा वा छोरी, सासु, ससुरा वा बाजे, बज्यैको मृत्यु भएको अवस्थामा वा आफैँ क्रिया बस्नु परेमा उक्त शिक्षक वा कर्मचारीलाई निजहरूको संस्कारबमोजिम काजक्रिया गर्न १५ (पन्ध्र) दिनसम्मको पुरा तलबी क्रिया बिदा दिइनेछ ।

३०. **अध्ययन बिदाः-** (१) विश्वविद्यालयमा स्थायी सेवामा रहेका कुनै पनि शिक्षक वा कर्मचारीलाई अध्ययन बिदा दिन सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ५० (पचास) वर्षको उमेर नाघेका शिक्षक वा कर्मचारीलाई १ (एक) वर्षभन्दा बढी अवधिको अध्ययन बिदा दिइने छैन ।

(३) स्वेच्छिक कार्यक्रमअन्तर्गत अध्ययन गर्नको लागि ६ (छ) महिनाअगावै बिदा स्वीकृत गरिपाउन सम्बन्धित निकायमा निवेदन दिनुपर्नेछ र सो अध्ययन अनुसन्धान सम्बधित निकायलाई उपयोगी हुने भएमा अध्ययन बिदा दिन सकिनेछ ।

(४) विश्वविद्यालयलमा प्राप्त भएको छात्रवृत्तिमा मनोनीत शिक्षक वा कर्मचारीलाई शैक्षिक उपाधि पाउने गरी १ (एक) शैक्षिक वर्ष वा सोभन्दा बढी अवधिसम्मका लागि पठाउने भएमा अध्ययन बिदा दिइनेछ ।

(५) शैक्षिक उपाधि नपाउने भएमा वा १ (एक) वर्षभन्दा कम अवधिको अध्ययन भएमा वा तालिम मात्र भएमा अध्ययन काजमा पठाइनेछ ।

(६) अध्ययन काजका लागि दैनिक भत्ता तथा अन्य सुविधा कार्यकारी परिषद्ले तोकिएबमोजिम हुनेछ ।

---

⊕ सातौं संशोधन २०८० द्वारा संशोधित ।

[⊕](७) **शिक्षक वा कर्मचारीले** सेवा अवधिभरमा एकै पटक वा पटक पटक गरी ३ वर्षसम्म अध्ययन बिदा पाउनेछ । तर विश्वविद्यालयले आवश्यक ठानेको अवस्थामा अध्ययन बिदाको अवधि २ वर्षसम्म थप गर्न सक्नेछ ।

(८) १ (एक) वर्षदेखि ३ (तीन) वर्षसम्म अध्ययन बिदा पाएका शिक्षक वा कर्मचारीले कम्तीमा ३ (तीन) वर्ष विश्वविद्यालय सेवामा रही काम गर्नुपर्नेछ ।

(९) उपनियम (८) बमोजिम काम गर्न गराउन निजहरूलाई तोकिएबमोजिमको कबुलियत गराउनुपर्नेछ ।

(१०) अध्ययन बिदा पाउने शिक्षक वा कर्मचारीले अध्ययनमा सन्तोषजनक प्रगति गरेको छैन भन्ने विश्वविद्यालयलाई जानकारी प्राप्त भएमा उक्त शिक्षक वा कर्मचारीलाई निजको बिदा रद्द गरी फिर्ता बोलाउन सक्नेछ ।

(११) उपनियम (४) र (५) बमोजिम अध्ययन बिदामा जानेबाहेक अन्य कार्यक्रममा अध्ययन बिदा लिई जान चाहने शिक्षक वा कर्मचारीले आफ्नो अध्ययन र कार्यक्रमको विवरण खुलाई ६ (छ) महिना अगावै तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

(१२) अध्ययन बिदामा बस्ने शिक्षक वा कर्मचारीलाई अध्ययन बिदाको समयमा सेवा अवधिमा सञ्चित हुने विरामी बिदा दिइनेछ ।

(१३) १ (एक) आर्थिक वर्षमा अध्ययन बिदा दिन सकिने शिक्षक तथा कर्मचारीको अधिकतम संख्याको सीमा कार्यकारी परिषद्ले तोकिएबमोजिम हुनेछ ।

[⊕](१४) **अध्ययन बिदा** पाउने शिक्षक, कर्मचारीको परीक्षणकाल समाप्त भएको हुनुपर्नेछ ।

**३१. स्वअध्ययन बिदा:-** (१) विश्वविद्यालयको स्थायी सेवामा लगातार **[*]५(पाँच) वर्ष** काम गरेका शिक्षकलाई विश्वविद्यालयको काममा बाधा नपर्ने अवस्था भएमा शैक्षिक वा प्राज्ञिक अनुसन्धान गर्न १ (एक) वर्षको स्वअध्ययन बिदा [*+]निजको सेवा अवधिभरमा बढिमा ४ (चार) पटकसम्म दिन सकिनेछ । [β+]तर प्रत्येक पटकको स्वअध्ययन बिदा लिन सो बिदा पश्चात कम्तीमा ५(पाँच) वर्ष लगातार सेवा गरेको हुनुपर्नेछ ।

(२) स्वअध्ययन बिदा स्वीकृत गराउनुभन्दा अगाडि सम्बन्धित शिक्षकले अध्ययन अनुसन्धानको कार्यको विवरण आफु कार्यरत रहेको निकायको प्रमुखमार्फत रजिष्ट्रारसमक्ष प्रस्तुत गर्नुपर्नेछ ।

(३) स्वअध्ययन बिदामा बस्दा तलब वा अन्य सुविधा वा पारिश्रमिक लिई वा नलिई अन्यन्त्र काम गर्न पाइने छैन ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा प्राप्त हुने प्राज्ञिक किसिमको अध्ययन वा अनुसन्धानसम्बन्धी फेलोसिपका लागि मनोनयन भई स्वअध्ययन बिदा उपभोग गर्ने शिक्षकलाई तोकिएको पारिश्रमिक लिनबाट वञ्चित गरिने छैन ।

(५) कार्यकारी परिषद्बाट अन्यथा निर्णय भएमा बाहेक नेपाल सरकार वा सार्वजनिक संस्थान वा सार्वजनिक महत्वको समिति वा काममा स्वअध्ययन बिदामा बसेको शिक्षक सम्मिलित हुन पाउनेछ ।

(६) उपनियम (१) बमोजिम स्वअध्ययन बिदामा बस्ने शिक्षकले खाइपाइ आएको तलब पाउनेछ ।

(७) स्वाध्ययन बिदा सञ्चित हुने छैन ।

---

[⊕] सातौं संशोधन २०८० द्वारा संशोधित ।

[*] पहिलो संशोधन २०७० द्वारा संशोधित ।

[*+] पहिलो संशोधन २०७० द्वारा थप ।

[β+] चौथो संशोधन २०७३ द्वारा थप ।

(८) स्वअध्ययन बिदा सम्बन्धित सङ्काय वा विश्वविद्यालयको निकायको प्रमुखको सिफारिसमा रजिष्ट्रारले स्वीकृत गर्नेछ ।

(९) उपनियम (१) को प्रयोजनका लागि स्वीकृत स्वअध्ययन बिदा समाप्त हुनुभन्दा कम्तीमा ३० (तीस) दिनअगावै स्वाध्ययन बिदा बसेका शिक्षकले उपनियम (१) बमोजिमको कार्य सम्पादनसम्बन्धी प्रतिवेदन प्रस्तुत भइसकेको प्रमाणको आधारमा मात्र निज शिक्षकलाई आफ्नो सम्बन्धित निकायमा हाजिर गराइनेछ ।

(१०) उपनियम (९) बमोजिम प्रस्तुत भएको प्रतिवेदनको अध्ययन रजिष्ट्रार वा डीनले तोकेको कार्यविधिअनुसार मूल्याङ्कन गर्ने गराइनेछ ।

(११) उपनियम (९) बमोजिमको प्रतिवेदन प्रस्तुत नगर्ने शिक्षक वा निजबाट कार्य सम्पादनसम्बन्धी पेश भएको प्रतिवेदन सन्तोषजनक नपाइएमा त्यस्तो कार्य सम्पन्न गर्न, परिमार्जन वा परिष्कृत गर्न निजलाई रजिष्ट्रारले वढिमा ३ (तीन) महिना सम्मको असाधारण बिदा दिन सक्नेछ ।

(१२) विश्वविद्यालय सेवा अवधिभर १ (एक) पटक पनि स्वाध्ययन बिदामा नबसेको शिक्षकले निवृत्तिभरण पाउने गरी निवृत्त हुँदा ६ (छ) महिनाको खाइपाइ आएको तलब वरावरको रकम निजलाई दिइनेछ । सो स्वाध्ययन बिदा एक वा दुई पटक उपभोग गरिसकेका शिक्षकको हकमा स्वाध्ययन बिदा बसेको पटक कटाई बाँकी पटकको लागि ६ (छ) महिनाको तलबको दामासाहीले हुने रकम प्रदान गरिनेछ ।

**३२. असाधारण बिदाः-** (१) स्थायी शिक्षक वा कर्मचारीले असाधारण बिदा लिनुपर्ने कारणसहित निवेदन दिनुपर्नेछ र सो कारण मनासिब देखिएमा विश्वविद्यालयले एक पटकमा १ (एक) वर्ष नवढाई र सेवा अवधिभरमा ३ (तीन) वर्ष नबढाई असाधारण बिदा दिन सकिनेछ ।

(२) विश्वविद्यालयमा ५ (पाँच) वर्ष सेवा अवधि नपुगेका शिक्षक वा कर्मचारीले असाधारण बिदा पाउने छैन ।

(३) शिक्षक वा कर्मचारीले लिएको असाधारण बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(४) असाधारण बिदामा बस्ने शिक्षक तथा कर्मचारीले उक्त अवधिभर तलब पाउने छैनन् ।

**३३. विशेष तलबी बिदाः-** (१) ४ (चार) वर्ष स्थायी सेवा गरेका कर्मचारीलाई १ (एक) महिनाको पुरा तलबी विशेष बिदा दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको बिदा जतिसुकै समयसम्म पनि जम्मा हुन सक्नेछ ।

(३) उक्त बिदा १ (एक) पटकमा ३० (तीस) दिन र सेवा अवधिभर ९ (नौ) महिना भन्दा बढी दिइने छैन ।

(४) विशेष तलबी बिदा नियम ३१ बमोजिमको स्वाध्ययन बिदा नपाउने कर्मचारीले मात्र पाउनेछ ।

(५) विशेष तलबी बिदामा बस्ने कर्मचारीले बिदा बसेको अवधिमा आर्थिक लाभ हुने कुनै काम गर्न पाउने छैन ।

(६) विश्वविद्यालयको सेवासम्बन्धी दक्षता हासिल गर्ने कार्यक्रममा संलग्न हुनका लागि मात्र यो बिदा दिइनेछ ।

(७) विशेष तलबी बिदा उपभोग गर्न नपाएको कर्मचारी विश्वविद्यालय सेवाबाट निवृत्तिभरण पाउने गरी निवृत्त हुँदा निजले सो बिदा उपभोग नगरेबापत निजको सेवाको आनुपातिक हिसाबमा बढीमा ६ (छ) महिनाको खाइपाइ आएको तलब बराबरको रकम प्रदान गरिनेछ ।

**३४. बिदा सञ्चितः-** शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवाभित्रको एक पदबाट अर्को पदमा सरुवा वा नियुक्ति भएमा निजको सरुवा वा नियुक्ति हुँदाको बखत सञ्चित रहेको सवै किसिमको बिदा नयाँ पदमा बहाल गरी सञ्चय गरेको बिदासरह मानिनेछ ।

**३५. बिदा उपभोगः-** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी परिषद्ले अत्यावश्यक सेवाको रूपमा वर्गीकरण गरी तोकिएका सेवासँग सम्बन्धित कर्मचारीहरूले कुनै पनि सार्वजनिक बिदा उपभोग गर्न पाउने छैनन् ।

(२) उपनियम (१) बमोजिम बिदा उपभोग गर्न नपाउने कर्मचारीहरूले १ वर्षमा ७५ (पचहत्तर) दिनको सट्टा बिदा पाउनेछन् ।

(३) प्रत्येक आर्थिक वर्षको अन्तमा उपभोग नगरी बाँकी रहेको सट्टा बिदाको रकम खाइपाइ आएको तलबको अनुपातमा निजहरूलाई दिइनेछ ।

**३६. बिदा अधिकार नहुनेः-** बिदा अधिकारको रूपमा मानिने छैन । विश्वविद्यालयको काममा बाधा नपर्ने गरी दिइने सुविधा मात्र मानिनेछ । विरामी बिदा, क्रिया बिदा र सुत्केरी हुँदाको प्रसूति बिदाबाहेक कुनै पनि बिदा पूर्वस्वीकृतिबिना उपभोग गर्न सकिने छैन ।

**३७. बिदा स्वीकृत गर्ने अधिकारीः-** (१) बिदा स्वीकृत गर्ने तोकिएको अख्तियारवाला हुनेछ ।

(२) विश्वविद्यालयले अत्यावश्यकताअनुसार असाधारण बिदा वा स्वअध्ययन बिदा वा अध्ययन बिदामा रहेका शिक्षक वा कर्मचारीलाई फिर्ता बोलाई सेवामा लगाउन सक्नेछ ।

## परिच्छेद - ६
## तलब, भत्ता, औषधि उपचार, दशैं खर्च, र सुविधाहरू

**३८. तलब भत्ताः-** (१) विश्वविद्यालय सेवामा बहाल रहेका शिक्षक तथा कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि बहाली गरेको पदको तलब, भत्ता, र अन्य सुविधा पाउनेछन् ।

(२) विश्वविद्यालय सेवामा नियुक्त भएका शिक्षक तथा कर्मचारीले विश्वविद्यालय सेवामा रही काम गरेबापत पाउने तलब, भत्ता, र अन्य सुविधा कार्यकारी परिषद्ले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ ।

(३) यस नियमबमोजिम सजाय पाएको अवस्थामा बाहेक प्रत्येक शिक्षक तथा कर्मचारीलाई १ (एक) वर्षको सेवा पुरा गरेपछि प्रति वर्ष एक ग्रेड तलब बृद्धि दिइनेछ ।

(४) रोक्का भएको तलब वृद्धि फुक्का भएमा सो तलब वृद्धिको मिति सम्बन्धित अधिकारीले लिखित रूपमा अभिलेखमा जनाई राख्नुपर्नेछ ।

**३९. तलब भुक्तानीः- *(१) विश्वविद्यालय** सेवामा कार्यरत रहेका शिक्षक तथा कर्मचारीलाई प्रत्येक महिना समाप्त भएपछि तलब भत्ताको भुक्तानी दिइनेछ ।

(२) शिक्षक वा कर्मचारीले पकाएको तलब भत्ता निज सेवामा नरहे पनि निजले उक्त तलब भत्ता पाउनेछ ।

(३) प्रचलित कानून र यस नियममा व्यवस्था भएकोमा बाहेक शिक्षक तथा कर्मचारीको तलब कट्टा गरिने छैन । यो नियमबमोजिम तलब नपाउने भनी तोकिएको अवस्थामा बाहेक शिक्षक तथा कर्मचारीले पाउने तलब भत्ता काम गरिरहेको वा बिदामा बसेको अवस्थामा पनि पाउनेछ ।

(४) कार्यकारी परिषद्बाट तोकिएबमोजिमका पदमा कार्यरत कर्मचारीहरूलाई तोकिएबमोजिमको लुगा, गरम सुट, बुट, बर्सादी, ओभरकोट र जुत्ता दिन सकिनेछ ।

**४०. दैनिक तथा भ्रमण भत्ताः-** शिक्षक तथा कर्मचारीले विश्वविद्यालयको कामको सिलसिलामा पाउने दैनिक तथा भ्रमण भत्ता, वैठक भत्ता र अन्य सुविधा कार्यकारी परिषद्ले तोकिएबमोजिम हुनेछ ।

**४१. परिवारिक दैनिक तथा भ्रमण भत्ताः-** शिक्षक तथा कर्मचारीहरू सरुवा हुँदा पाउने पारिवारिक दैनिक तथा भ्रमण भत्ता कार्यकारी परिषद्बाट तोकिएबमोजिम हुनेछ ।

**४२. निलम्बनको अवधिको तलबः-** (१) यस नियमबमोजिम कुनै शिक्षक वा कर्मचारी निलम्बन परेमा निजले आफ्नो खाइपाइ आएको तलबको आधा तलब पाउनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर लगाइएको अभियोग प्रमाणित नभई सफाइ पाएमा निलम्बनमा रहेको अवधिमा आधा तलब लिईसकेको भए सो कट्टा गरी र नलिएको भए पुरै तलब (तलब वृद्धि हुने भएमा सोसमेत) पाउनेछ ।

(३) निलम्बित भएको शिक्षक, कर्मचारी कसुरदार ठहरी सेवाबाट हटाइएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब पाउने छैन ।

(४) विश्वविद्यालय सेवामा कार्यरत शिक्षक वा कर्मचारी नैतिक पतन देखिने फौजदारी अभियोगमा वा प्रचलित कानूनबमोजिम थुनामा रहेमा सो थुना अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

(५) स्वतः निलम्बन रहेको शिक्षक, कर्मचारीले निलम्बन अवधिभरको तलब भत्ता पाउने छैन । तर अभियोगबाट सफाइ पाएमा निजले सम्पूर्ण तलब भत्ता पाउनेछ ।

---

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

**४३. चाडपर्व खर्चः-** विश्वविद्यालय सेवामा कार्यरत रहेका शिक्षक तथा कर्मचारीहरूलाई निजले खाइपाइ आएको १ (एक) महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष ***चाडपर्व खर्च**को रूपमा दिइनेछ।

(२) चाडपर्व बिदाभन्दा अघि कम्तीमा ६ (छ) महिनाको सेवा अवधि पुरा नभएका अस्थायी शिक्षक वा कर्मचारीलाई पेश्कीको रूपमा ***चाडपर्व खर्च दिइनेछ।**

(३) उपनियम (२) बमोजिम ***चाडपर्व खर्च** लिई विश्वविद्यालयमा ६ (छ) महिनाभन्दा कम अवधि सेवा गरी छाडेमा सो रकम सम्बन्धित शिक्षक वा कर्मचारीबाट असुल उपर गरिनेछ।

**४४. औषधी उपचार खर्चः-** (१) विश्वविद्यालय सेवामा सेवारत स्थायी शिक्षक तथा कर्मचारीले आफ्नो सेवा अवधिमा उप-प्राध्यापक एवं सहायक प्रशासक वा सोसरह र सोभन्दा माथिका कर्मचारीले १५ (पन्ध्र) महिना बराबरको रकम औषधी उपचार खर्चबापत पाउने छन्।

(२) सहायक स्तरका कर्मचारीले निजहरूले खाइपाइ आएको १८ (अठार) महिनाको तलब बराबरको औषधी उपचार खर्च पाउनेछन्।

(३) सपोर्ट स्टाफ तहका कर्मचारीले निजहरूले खाइपाइ आएको २१ (एक्काईस) महिनाको तलब बराबरको औषधी उपचार खर्च पाउनेछन्।

(४) विश्वविद्यालय सेवामा कार्यरत शिक्षक वा कर्मचारी वा निजको परिवारको सदस्य विरामी भएमा उपनियम (१), (२) र (३) बमोजिम पाउने रकममा कट्टा हुने गरी देहायबमोजिम भएको उपचार खर्च दिइनेछ।

(क) रोगको उपचारका निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिएको प्रेस्क्रिप्सनअनुसार औषधी किनेको खर्च।

(ख) नर्सिङ्ग होम वा अस्पतालमा भर्ना हुँदा लागेको बिलबमोजिम खर्च।

(५) भविष्यमा विश्वविद्यालय सेवाबाट आयोगय ठहर्ने गरी सेवाबाट बर्खास्त गरिएका बाहेक अन्य जुनसुकै ब्यहोराबाट कुनै शिक्षक तथा कर्मचारी सेवाबाट अलग हुँदा यस नियमबमोजिम पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए सो बाँकी रकम एकमुष्ठ लिन पाउनेछ। *+**यसरी** बाँकी रहेको रकम एक मुष्ठ लिँदा २० (बीस) बर्षसम्म सेवा गरेकालाई १० प्रतिशत थप २० (बीस) वर्षभन्दा बढी २५ सेवा गरेका लागी १५ प्रतिशत र २५ (पच्चिस) बर्षभन्दा बढी सेवा गरेकालाई २० प्रतिशत थप हुने गरी हुन आउने रकम एक मुष्ठ लिन पाउनेछ।

*+**(६)** कुनै शिक्षक, कर्मचारी विरामी भएमा औषधी उपचारको लागी निकासा दिँदा २० (बीस) बर्षको अवधिलाई सेवाको पुरा अवधि मानी त्यसको अनुपातमा विरामी हुने शिक्षक, कर्मचारीले गरेको सेवा अवधीले हिसाब गरी यस नियमबमोजिम औषधी उपचार खर्च दिइनेछ। सेवा अवधि गणना गर्दा अस्थायी वा करार सेवा अटुट राखी स्थायी भएको अवधिलाई समेत गणना गरिनेछ।

**⊕+४४क. अङ्गभङ्ग भए वा चोटपटक लागेबापत पाउने सुविधाः**

(१) कुनै शिक्षक, कर्मचारी विश्वविद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी चोटपटक लाग्न गएमा चोटपटकको उपचार गराउन आवश्यक पर्ने अवधिभरको निमित्त शिक्षक, कर्मचारीले निजको कुनै पनि सञ्चित बिदाबाट बिदा कट्टा नहुने गरी पुरा तलबसहितको थप विरामी बिदा पाउनेछ।

(२) उपनियम (१) बमोजिम उपचार गराउदा लागेको उपचार खर्चको शतप्रतिशत रकम त्यस्तो शिक्षक कर्मचारीले विश्वविद्यालयबाट पाउनेछ। तर यस्तो उपचार खर्च पाएको कारणले त्यस्तो

---

* पहिलो संशोधन २०७० द्वारा संशोधित।

*+ पहिलो संशोधन २०७० द्वारा थप।

⊕+ सातौ संशोधन २०८० द्वारा थप

कर्मचारीले पछि विरामी हुँदा नियम ४४ को उप नियम (१) बमोजिम पाउन सक्ने उपचार खर्च पाउनमा कुनै बाधा पुऱ्याएको मानिने छैन । यसरी उपचार खर्च उपलब्ध गराउदा दुर्घटना बिमा र सञ्चयकोषबाट भएको बिमाबापत प्राप्त भएको सुबिधा कटाई बाँकीमा मात्र दाबी गर्न पाउनेछ ।

(३) उप नियम (२) बमोजिम उपचार गर्दा आँखा, हात वा खुट्टाको प्रत्यारोपण गर्नुपर्ने भएमा यसरी अङ्गप्रत्यारोपण गर्दा लाग्ने सम्पूर्ण खर्च त्यस्तो शिक्षक, कर्मचारीले विश्वविद्यालयबाट पाउनेछ ।

(४) कुनै शिक्षक, कर्मचारीले जानाजान आफ्नै गम्भीर लापरवाहीले चोटपटक लगाएको कारणले अङ्गभङ्ग भएकोमा यस नियमबमोजिमको सुविधा पाउने छैन ।

(५) उप नियम (२) बमोजिम उपचार गराउँदा गराउँदै कुनै शिक्षक, कर्मचारीको मृत्यु भएमा त्यसरी उपचार गराउदा लागेको उपचार खर्चको रकम निजको हकवालालाई दिइनेछ ।

(६) यस नियमबमोजिमको उपचार खर्च पाउन अस्पताल भर्ना भएको मितिले तीन महिनाभित्र दावी गरिसक्नुपर्नेछ ।

(७) उप नियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि ३ महिनाभन्दा बढी अवधिसम्म अस्पताल भर्ना भई उपचार गराउनुपर्ने भएमा अस्पतालबाट डिस्चार्ज भएको मितिले २ महिनाभित्र रकम दावी गरि सक्नुपर्नेछ ।

**४५. विश्वविद्यालय सेवा पदकको व्यवस्थाः-** विश्वविद्यालय सेवामा अनिवार्य अवकाश प्राप्त गरेका वा कम्तीमा २५ (पच्चिस) वर्ष विश्वविद्यालय सेवा गरेका शिक्षक तथा कर्मचारीलाई कार्यकारी परिषद्बाट तोकिएबमोजिमको सेवा पदक, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्न सकिनेछ ।

**४६. दाह संस्कार खर्चः-** विश्वविद्यालय सेवामा कार्यरत रहेको अवस्थामा कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीको मृत्यु हुँदा निजको दाह संस्कार बापत रु. ५०,०००/- (पचास हजार रुपैयाँ) मृतक व्यक्तिको हकदारलाई दिइनेछ ।

**४७. प्राथमिकता र सहुलियतः-** विश्वविद्यालयमा कार्यरत तथा पूर्व पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूलाई विश्वविद्यालयका निकायहरूबाट सेवा लिनुपर्ने भएमा कार्यकारी परिषद्बाट तोकिएबमोजिमको प्राथमिकता र सहुलियत प्रदान गरिनेछ । **[*+]यस** विश्वविद्यालयमा कार्यरत शिक्षक, कर्मचारी वा निजका २ (दुई) सन्तानसम्मलाई यसै विश्वविद्यालय अन्तर्गत अध्ययन गर्दा शिक्षण शुल्क लाग्ने छैन । यस नियमको प्रयोजनको लागि शिक्षक, कर्मचारीहरूको सन्तानहरूबिच मात्र प्रतिस्पर्धा गराई योग्यताक्रमको आधारमा छनौट गरिनेछ ।

[⊕+]**४७क.** नियम ४७ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस विश्वविद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरू वा निजका २ सन्तानसम्मलाई यसै विश्वविद्यालय अन्तर्गत अध्ययन गर्दा नियम ४७ बमोजिम शिक्षण शुल्क लाग्ने छैन । यो सुविधा सेवा अवधिभरमा स्नातक तहका लागि मात्र दिइनेछ । यो सुविधा एक पटक उपभोग गरिसकेपछि पुनः उपभोग गर्न पाइने छैन ।

**४८. चेयर प्रदानः-** (१) विश्वविद्यालयबाट वा कुनै राष्ट्रिय वा विदेशी वा अन्तर्राष्ट्रिय संस्था वा व्यक्तिबाट स्थापित चेयर तोकिएको शैक्षिक, प्राज्ञिक वा अनुसन्धानसम्बन्धी कार्य गर्ने विश्वविद्यालय सेवाका बहालवाला शिक्षकहरूमध्ये उपयुक्त शिक्षकलाई सम्बन्धित विद्यापरिषद्को सिफारिसमा कार्यकारी परिषद्ले चेयर प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको चेयरको व्यवस्था, सुविधा, शर्त र अन्य कार्यविधि प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्बाट तोकिएबमोजिम हुनेछ ।

---

[*+] पहिलो संशोधन २०७० द्वारा थप ।

[⊕+] सातौं संशोधन २०८० द्वारा थप ।

**४९. मरणोपरान्त अनुदानः- *(१) विश्वविद्यालयका** स्थायी शिक्षक वा कर्मचारी सेवा अवधिमा मृत्यु भएमा निजका हकवालालाई एकमुष्ठ रु. १,००,०००/– (एक लाख रुपैयाँ) दिइनेछ ।

(२) हकवालाको निर्धारण निवृतिभरणसम्बन्धी नियम अनुसार नै हुनेछ ।

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

## परिच्छेद - ७
## अवकाश

**५०. अनिवार्य अवकाशः-** (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीलाई निजको उमेर ६३ (त्रिसठ्ठी) वर्ष पुरा भएपछि विश्वविद्यालय सेवाबाट अनिवार्य अवकाश दिइनेछ ।

(२) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि माथि उपनियम (१) बमोजिम अनिवार्य अवकाशमा पर्ने शिक्षक वा कर्मचारी जुनसुकै प्रक्रियाबाट विश्वविद्यालय सेवामा यो नियम प्रारम्भ हुनु अघिल्लो दिनसम्म नियुक्त भई आएकोमा निजको उपदान वा निवृत्तिभरण वा अन्य सुविधाको प्रयोजनका लागि निजको हकमा विश्वविद्यालय सेवा अवधि निजको उमेर ६३ (त्रिसठ्ठी) वर्षको आधार मानिनेछ ।

(३) यस नियमको प्रयोजनको लागि शिक्षक, कर्मचारीको उमेरको गणना गर्दा सेवामा प्रवेश गर्दा निजले पेश गरेको शिक्षण संस्थानको प्रमाणपत्रमा उल्लेख भएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर वा निजले भरेको वैयक्तिक विवरण (सिटरोल) मा लेखिदिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश पाउने हो सोही आधारमा उमेर गणना गरिनेछ ।

(४) वर्ष वा सम्वत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्म मिति कायम गर्दा देहायबमोजिम कायम गरिनेछ ।

क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिका आधारमा,

ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

ग) सिटरोलको हकमा शुरु भर्ना भएको मितिको आधारमा ।

(५) कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पुरा जन्म मिति खुलेको रहेछ तथा त्यस्तो प्रमाणपत्रमा उल्लेखित जन्म मितिहरूका बिचमा १ (एक) वर्षसम्मको अन्तर देखिएमा पुरा खुलेको जन्म मितिलाई आधार मान्नुपर्नेछ ।

(६) माथि उपनियम (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर १ (एक) वर्षभन्दा बढी आएमा वर्ष मात्र उललेख भएको प्रमाणपत्रको आधारमा उपनियम (४) र (५) बमोजिम जन्म मिति कायम गरिनेछ ।

**५१. स्वेच्छिक अवकाशः-** (१) २० (बीस) वर्षसम्म स्थायी सेवा गरिसकेका शिक्षक वा कर्मचारीलाई निजको ईच्छा भएमा नियुक्ति गर्ने अधिकारीले सेवाबाट अवकाश लिन अनुमति दिन सक्नेछ ।

**५२. सेवा अवधिको गणनाः-** (१) यस नियमावलीको परिच्छेद- (७) र (८) को प्रयोजनको लागि सेवाको अवधिको गणना गर्दा विश्वविद्यालय सेवामा अस्थायी वा पूर्णकालीन करार सेवामा रही अटुट सेवा गरी स्थायी भएको र स्थायी नियुक्ति भई सेवा गरेको परीक्षणकालको अवधि तथा निलम्बनमा रहेको अवधि तथा सरकारी सेवाबाट राजीनामा गरी विश्वविद्यालय सेवामा प्रवेश पाउँदाको सरकारी सेवाको अवधिलाई समेत गणना गरिनेछ ।

(२) विश्वविद्यालयका शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवाका लागि आयोगय हुने गरी बर्खास्त भएकोमा पछि कुनै कारणले सो आयोगयता प्रमाणित नभई निज शिक्षक वा कर्मचारीको स्थायी नियुक्ति भएमा वा राजीनामा दिई विश्वविद्यालय सेवा छाडेको तर उपदान वा निवृतिभरण नपाएको अवस्थामा फेरि विश्वविद्यालय सेवामा स्थायी नियुक्ति भएमा विश्वविद्यालय सेवामा सो शिक्षक वा कर्मचारीको सेवा अवधि जोडिनेछ ।

(३) विश्वविद्यालयको शिक्षक वा कर्मचारीले अन्यत्र काममा रहेको अवस्थाको सेवा अवधि गणना गर्दा सो निकायबाट निवृतिभरण वा उपदान लिएमा सो अवधि विश्वविद्यालयको उपदान र निवृतिभरणको प्रयोजनको लागि गणना गरिने छैन ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको ऐनको दफा (३) को उपदफा (२) बमोजिम यस विश्वविद्यालयमा गाभिन आएका शिक्षक तथा कर्मचारीहरू यस विश्वविद्यालय सेवामा प्रवेश गरेको मानिने छ र निजहरूले सेवा सुरु गरेको साविक अवधिदेखि नै उपदान वा निवृत्तिभरणको प्रयोजनको लागि सेवा अवधि गणना गरिनेछ ।

(५) सरकारी शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवामा काजमा आई काम गरिरहेको अवस्थामा सरकारी सेवाबाट राजीनामा गरी विश्वविद्यालय सेवामा प्रवेश पाई अटुट सेवा गरेका स्थायी शिक्षक वा कर्मचारीको हकमा सरकारी सेवामा अस्थायी वा विकासतर्फ नियुक्त भएका वा स्थायी भएका मितिदेखि उपदान वा निवृतिभरणको प्रयोजनका लागि मात्र सेवा अवधि गणना गरिनेछ ।

(६) विश्वविद्यालय सेवामा स्थायी नियुक्ति भई काम गरिरहेका कुनै प्रशासनिक कर्मचारी नियमानुसार शिक्षणतर्फ नियुक्ति भएमा निजले प्रशासनिक पदमा रही सेवा गरेबापत पाउने उपदान वा निवृतिभरण नलिएमा मात्र निजको सेवा अवधि उपदान वा निवृत्तिभरणका प्रयोजनको लागि शिक्षणतर्फ जोडी गणना गरिनेछ । यो नियम सोही प्रक्रियानुसार शिक्षणबाट प्रशासनतर्फ आउने शिक्षकलाई पनि लागु हुनेछ ।

(७) उच्च अध्ययनको लागि स्वीकृत गराई अध्ययन बिदामा बसेको तर सो अध्ययन पुरा नगरी फर्केको हकमा भने निज अध्ययन गर्न गएको अवधि यस नियमको प्रयोजनको लागि सेवा अवधिमा गणना गरिने छैन ।

## परिच्छेद– ८
## उपदान र निवृत्तिभरण

**५३. उपदान र निवृत्तिभरण कोषः-** *(१) **यस विश्वविद्यालयको** आर्थिक, प्रशासन नियमावली, २०६९ बमोजिम स्थापित उपदान तथा निवृत्तिभरण कोष शीर्षकमा यस विश्वविद्यालयका स्थायी शिक्षक तथा कर्मचारीहरूको १० (दश) प्रतिशत तलब कट्टा गरी सो रकममा विश्वविद्यालयले स्वीकृत तलब शिर्षकको वार्षिक बजेटबाट कम्तीमा १० (दश) प्रतिशत रकम एकमुष्ठ थप गरी उपदान तथा निवृत्तिभरण कोषको प्रयोजनको लागी दाखिला गरिनेछ । तर कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ३ (२) बमोजिम यस विश्वविद्यालयमा समायोजन हुने आङ्गिक क्याम्पसको शिक्षक/कर्मचारीको हकमा भने उपदान र निवृत्तिभरण प्रयोजनको लागी निजहरूको तलबबाट रकम कट्टा गरिने छैन ।

π+(२) उप नियम (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा ३ को उप दफा (२) बमोजिम त्रिभुवन विश्वविद्यालयबाट यस कृषि तथा वन विज्ञान विश्वविद्यालयमा समावेश भएका अध्ययन संस्थान र क्याम्पसबाट मिति २०७४ वैशाख ४ गतेपछि समायोजन भई आउने शिक्षक, कर्मचारीको हकमा भने उपदान तथा निवृत्ति भरण प्रयोजनको लागि त्रि.वि. को प्रावधानबमोजिम १० प्रतिशत तलब त्रि.वि. मा कट्टा गरी रहेका शिक्षक कर्मचारीको हकमा सोहीबमोजिम र त्रि.वि. को प्रावधानबमोजिम १० प्रतिशत तलब उपदान तथा निवृत्तिभरण प्रयोजनको लागी कट्टा नहुने शिक्षक, कर्मचारीको हकमा सोहीबमोजिम हुनेछ ।

⊕+(३) उप नियम (१) बमोजिम स्थापित उपदान र निवृत्तिभरण कोषमा जम्मा हुने रकमको व्यवस्थापन, सञ्चालन, कोष कट्टी गर्ने प्रक्रिया, उपदान तथा निवृत्तिभरण प्रयोजनको लागि कोष कट्टी रकमको भुक्तानी तथा कोषसम्बन्धी अन्य व्यवस्था उपदान तथा निवृत्तिभरण कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

**५४. उपदानः-** (१) ५ (पाँच) वर्ष वा सोभन्दा बढी स्थायी सेवा गरेको तर निवृतिभरण पाउने अवधि नपुगेका शिक्षक वा कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई विश्वविद्यालय सेवाबाट अलग भएमा वा विश्वविद्यालय सेवाको निमित्त भविष्यमा अयोग्य नठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाइएमा देहायबमोजिमको उपदान पाउनेछन् ।

(क) ५ (पाँच) वर्षदेखि १० (दश) वर्षसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवामा आफु रहेको प्रत्येक वर्षको निमित खाइपाइ आएको आखिर तलबले आधा महिनाको तलब,

(ख) १० (दश) वर्षभन्दा बढी १५ (पन्ध्र) वर्षसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवामा आफु रहेको प्रत्येक वर्षका निमित्त खाइपाइ आएको आखिरी तलबको दरले १ (एक) महिनाको तलब,

(ग) १५ (पन्ध्र) वर्षभन्दा बढी २० (बीस) वर्ष पुरा नभएसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवामा आफु रहेको प्रत्येक वर्षका निमित्त खाइपाइ आएको आखिरी तलबको ४५ (पैंतालिस) दिनको तलब ।

---

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

π+ पाँचौ संशोधन २०७४ द्वारा थप ।

⊕+ सातौं संशोधन २०८० द्वारा थप ।

(२) विश्वविद्यालयको कुनै निकायको पद नै नचाहिने भई खारेजीमा परेको वा शारीरिक अस्वस्थताको कारणले विश्वविद्यालय सेवामा रहन असमर्थ वा मृत्यु भएको कुनै शिक्षक वा कर्मचारीले कम्तीमा ३ (तीन) वर्ष पुरा सेवा गरेको रहेछ र निजको सेवाको जम्मा अवधिमा ५ (पाँच) वर्ष थपेमा निवृतिभरण पाउने अवधि पुग्दैन भने खारेजीमा परेको वा शारीरिक अस्वस्थताको कारणले विश्वविद्यालयको सेवा गर्न असमर्थ भएको अवधिसम्मको निजको सेवाको जम्मा ५ (पाँच) वर्ष थपी हुन आउने अवधिको हिसाबले निजलाई यस नियमबमोजिम उपदान दिनुपर्नेछ ।

(३) विश्वविद्यालयको सेवा पाउन वा सो सेवामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, तीन पुस्तेवारी, नाम, थर, वतन, नागरिकता झुट्टा प्रमाणित हुन आएमा यो नियमबमोजिम त्यस्तो शिक्षक कर्मचारीलाई उपदान दिइने छैन ।

**५५. निवृत्तिभरणः-** (१) कम्तीमा ५ (पाँच) वर्ष स्थायी भई २० (बीस) वर्ष वा सोभन्दा बढी अवधि विश्वविद्यालय सेवामा कार्यरत शिक्षक वा कर्मचारीले अवकाश प्राप्त गरेको मितिदेखि जीवनपर्यन्त देहायबमोजिम मासिक निवृत्तिभरण पाउने छन् ।

$$\frac{\text{जम्मा सेवा वर्ष x आखिरी तलबको रकम}}{\text{५०}}$$

(२) यस नियमअनुसार पाउने निवृत्तिभरणको मासिक रकमसम्बन्धी शिक्षक वा कर्मचारीले खाइपाइ आएको मासिक तलबको पचास (५०) प्रतिशत भन्दा ***घटी हुने छैन ।**

(३) विश्वविद्यालयलाई आफ्नो कुनै निकाय वा पद नै आवश्यक नभई खारेज गर्नु परेमा वा शारीरिक अस्वस्थताका कारणले विश्वविद्यालयको सेवा गर्न असमर्थ भएको वा मृत्यु भएको कुनै शिक्षक वा कर्मचारीको सेवाको जम्मा अवधिमा ५ (पाँच) वर्षसम्म थपेमा निवृत्तिभरण पाउन सक्ने भएमा निवृत्तिभरण पाउने अवधि पुऱ्याउने प्रयोजनको लागि बढीमा ५ (पाँच) वर्षसम्म थपिनेछ ।

(४) विश्वविद्यालयको कुनै पदमा पहिला गरेको सेवाबापत निवृत्तिभरण पाइरहेको भूतपूर्व शिक्षक वा कर्माचारी पछि विश्वविद्यालयको शिक्षक वा कर्मचारीको पदमा नियुक्ति भएमा निजले पछि गरेको सेवाबापत यो नियमबमोजिम निवृत्तिभरण पाउने छैन ।

(५) विश्वविद्यलायको सेवा पाउने वा सो सेवामा बहाल हुने उदेश्यले शिक्षासम्बन्धी योग्यता, ३ (तीन) पुस्ता, उमेर, नाम, वतन, नागरिकता ढाँटेको प्रमाणित हुन गएमा यो नियमबमोजिम निवृत्तिभरण दिइने छैन ।

(६) भविष्यमा विश्वविद्यालय सेवाका निमित्त अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त गरिएको शिक्षक तथा कर्मचारीले यस नियमबमोजिम निवृत्तिभरण पाउन सक्ने छैन ।

**५६. निवृत्तिभरण वृद्धिः-** (१) विश्वविद्यालयका शिक्षक वा कर्मचारीलाई देहायको अवस्थामा निवृत्तिभरण वृद्धि गरिनेछ ।

(क) बहालवाला शिक्षक वा कर्मचारीलेको तलब बृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको २ (दुई) तिहाइ रकम समान पदमा निवृत्त भएका शिक्षक वा कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिनेछ ।

---

* प्रथम संशोधन २०७० द्वारा संशोधित

(ख) विश्वविद्यालय सेवाबाट निवृत्त भएका भूतपूर्व शिक्षक, कर्मचारीलाई खाइपाइ आएको मासिक निवृत्तिभरण बराबरको रकम [β]**चाडपर्व खर्च बापत दिइनेछ ।**

**५७. पारिवारिक निवृत्तिभरणः-** (१) यस नियमबमोजिम पारिवारिक निवृत्तिभरण देहायबमोजिम हुनेछ ।

(क) कुनै शिक्षक वा कर्मचारी विश्वविद्यालयको सेवामा छँदै वा सेवा निवृत्तिभरण पाउन थालेको ७ (सात) वर्ष नपुग्दै मृत्यु भएमा यस नियमावलीमा व्यवस्था गरेअनुसार निजको परिवारलाई नियम ५५ मा लेखिएको दरले निवृत्तिभरण प्रदान गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम निवृत्तिभरण पाउन थालेको ७ (सात) वर्ष नपुग्दैमा मृत्यु भएका शिक्षक वा कर्मचारीको परिवारलाई ७ (सात) वर्ष पुगेपछि निवृत्तिभरण प्राप्त हुने छैन ।

(ग) शिक्षक वा कर्मचारीको विधुर पति वा विधवा पत्नीको हकमा नीजले निजको पति वा पत्नी विश्वविद्यालय सेवामा हुँदै वा निवृत्तिभरण पाउन थालेको ७ (सात) वर्ष नपुग्दै मृत्यु भएमा यस नियमबमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मितिदेखि निजले पाउने निवृत्तिभरणको आधा रकम आजीवन पाउनेछ ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरण पाउनेले पुनः वैवाहिक सम्बन्ध कायम गरेमा यो सुविधा पाउने छैन ।

(ङ) यस नियमबमोजिम उपदान तथा निवृत्तिभरण भुक्तानी गर्दा मृतक शिक्षक वा कर्मचारीले आफ्नो परिवारको सदस्य मध्येमा वा आफ्नो नावालक भाइ वा अविवाहित दिदी वा बहिनी कसैलाई इच्छाइएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा सो शिक्षक वा कर्मचारीको परिवारको सदस्यमध्ये कानूनी हकवालालाई दिइनेछ ।

(च) खण्ड (ङ) को प्रयोजनको लागि परिवार भन्नाले शिक्षक वा कर्मचारीको आफैँसँग बस्ने तथा आफैँले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा वा धर्मपुत्र, अविवाहिता छोरी वा अविवाहिता धर्मपुत्री जनाउनेछ ।

**५८. असाधारण पारिवारिक निवृत्तिभरणः-** (१) कुनै शिक्षक वा कर्मचारीको तत्कालै मृत्यु भएमा वा ठूलो चोटपटक लागि त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधुर पति वा विधुवा पत्नीलाई कार्यकारी परिषद्‌बाट तोकिएबमोजिमको छुट्टै आजीवन पारिवारीक निवृत्तिभरण दिइनेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि विधुर पति वा विधुवा पत्नीलाई देहायबमोजिमको अवस्थामा मात्र मान्यता दिइनेछ ।

क) विश्वविद्यालय सेवाको कारणबाट मृत्यु हुने घटनाअघि शिक्षक वा कर्मचारीसँग वैवाहिक सम्बन्ध भइसकेको हुनुपर्ने छ ।

(ख) शिक्षक वा कर्मचारीको मृत्यु भएको समयमा निज एकागोल (सगोल) मा रहेको हुनुपर्नेछ ।

(३) विधुर पति वा विधुवा पत्नी नभएमा वा पति वा पत्नीको मृत्युअघि निजबाट भिन्न भइसकेको भएमा वा विधुर पति वा विधुवा पत्नीको पुनः विवाह हुनुभन्दा अघिको पतिबाट जन्मेको १६ (सोह्र) वर्षभन्दा कम उमेरका सन्तान वा धर्म पुत्र, अविवाहिता धर्मपुत्री रहेछन् भने निजहरूको गुजाराको निमित्त प्रत्येकलाई कार्यकारी परिषद्ले मनासिब देखेको अवधिसम्मका लागि दामासाहीले विधुर

[β] चौथो संशोधन २०७३ द्वारा संशोधित

पति वा विधुवापत्नीले पाउने निवृत्तिभरणको दुई-तिहाइमा नबढ्ने गरी पारिवारिक निवृत्तिभरण प्रदान गर्न सक्नेछ ।

(४) मृत शिक्षक वा कर्मचारीका विधुर पति वा विधुवा पत्नी, सन्तति वा धर्मपुत्र वा धर्मपुत्री रहेछन् र निज शिक्षक वा कर्मचारीको आश्रित आमा, बाबु दुवै वा दुईमध्ये एक रहेछन् भने निजहरूको गुजाराको निमित्त कार्यकारी परिषद्ले मनासिब देखेमा वढीमा १० (दश) वर्षको अवधिसम्मका लागि दामासाहीले विधुर पति वा विधुवा पत्नीले पाउने पारिवारिक निवृत्तिभरणको २ (दुई) तिहाइमा नबढ्ने गरी मनासिब ठहरिन आएको दरले पारिवारिक निवृत्तिभरण प्रदान गर्न सकिनेछ ।

(५) मृत शिक्षक वा कर्मचारीको विधुर पति वा विधुवा पत्नीको हकमा कार्यकारी परिषद्ले औचित्य र आवश्यकता हेरी तोकिएबमोजिम हुनेछ ।

**५९. समिति गठनः-** (१) कुनै शिक्षक वा कर्मचारी विश्वविद्यालयको कामको सिलसिलामा मृत्यु भएमा वा सो कारणबाट निको नहुँदै मृत्यु भएमा निजको विधुर पति वा विधुवा पत्नीले पाउने आजीवन पारिवारिक निवृत्तिभरणका सम्बन्धमा सिफारिस गर्न कार्यकारी परिषद्ले समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिलाई कुनै शिक्षक वा कर्मचारीको मृत्यु विश्वविद्यालयको कामको सिलसिलामा भएको हो वा होइन भन्ने सम्बन्धमा समेत राय व्यक्त गरी सिफारिस गर्ने अधिकार हुनेछ ।

**६०. तलबको उल्लेखः** (१) यस परिच्छेद्मा जहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित शिक्षक वा कर्मचारीको तत्कालको तलब उल्लेख भएको (ग्रेड बृद्धिसमेत) लाई जनाउनेछ ।

(२) यस नियमबमोजिम प्रदान गरिने उपदान र निवृत्तिभरणको रकमको प्रयोजनको लागि आखिरी तलब भन्नाले सम्बन्धित शिक्षक वा कर्मचारीले अवकास प्राप्त गर्ने अवस्थाको पुरा तलबको हिसाब गरिनेछ ।

**६१. उपदान तथा निवृत्तिभरण पाउने हकवालाको क्रम र कार्यविधिः** (१) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षक वा कर्मचारीले अवकास लिने मितिभन्दा ६ (छ) महिनाअगावै कार्यकारी परिषद्द्वारा तोकिएको ढाँचामा प्रपत्र (फाराम) भरी आफु बहाल रहेको विश्वविद्यालयको निकायमार्फत रजिष्ट्रारलाई सम्बोधन गरी विश्वविद्यालयको केन्द्रीय कार्यालयमा पठाउनुपर्नेछ ।

(२) स्वेच्छिक अवकास प्राप्त गर्ने वा कार्यकारी परिषद्ले अवकास दिएको वा ६ (छ) महिनाभित्र सो प्रपत्र (फाराम) भरी विश्वविद्यालयको निकायमार्फत रजिष्ट्रारलाई सम्बोधन गरी विश्वविद्यालयको केन्द्रीय कार्यालयमा पठाउनुपर्नेछ ।

[६]**(३) उपनियम (१) र (२)** बमोजिम प्रपत्र (फाराम) भर्न नपाउँदै कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो मृत शिक्षक वा कर्मचारीले कसैलाई नइच्छाएको भए निजको परिवारको सदस्यहरूमध्ये देहायको क्रमअनुसार जो जीवित छ उसैले विश्वविद्यालयको केन्द्रीय कार्यालयमा ६ (छ) महिनाभित्र प्रपत्र भरी पठाउनुपर्नेछ ।

(क) सगोलको पति वा पत्नी,
(ख) सगोलको छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री वा विधवा छोरा बुहारी,
(ग) सगोलको बाबु, आमा,

[६] तेस्रो संशोधन २०७२ द्वारा संशोधित ।

(घ) आफैंले पालनपोषण गर्नुपर्ने पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा बाजे, बज्यै र विवाहित महिला कर्मचारीको हकमा सासू, ससुरा र छोरापट्टिको नाति,

(ङ) भिन्न बसेको पति वा पत्नी,

(च) भिन्न बसेको छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री वा विधवा छोरा बुहारी,

(छ) भिन्न बसेको बाबु र आमा,

(ज) सगोलको दाजु, भाइ, र छोरापट्टिको अविवाहिता नातिनी,

(झ) सगोलको अविवाहिता दिदी, बहिनी,

(ञ) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता, नातिनी,

(ट) सगोलको काका, विधवा, काकी, भाउजु, भाई बुहारी, नातिनी बुहारी,

(ठ) भिन्न बसेको दाजु, भाइ,

(ड) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, नातिनी बुहारी, भतिजा ।

स्पष्टीकरणः एकै क्रममा एकभन्दा बढी नातेदारहरू तोकिएको भए सो क्रममा तोकिएको सबै नातेदारहरूले बराबर हिसाबमा मृत कर्मचारीको निवृत्तभरण पाउन सक्नेछ ।

(४) एकै क्रममा १ (एक) भन्दा बढी नातेदारहरू तोकिएका भए सो क्रममा तोकिएका सबै नातेदारहरूले बराबर हिसाबमा मृत शिक्षक वा कर्मचारीको निवृत्तिभरण पाउन सक्नेछन् ।

(५) उपनियम (१) र (२) बमोजिम प्रपत्र प्राप्त भएपछि विश्वविद्यालयको केन्द्रीय कार्यालयले आवश्यक जाँचबुझ गरी अवकाश प्राप्त गर्ने शिक्षक वा कर्मचारीको निवृत्तिभरण अधिकार पत्र (पेन्सन पेमेन्ट अर्डर) वा उपदान प्रदान गर्न आवश्यक कारबाही गर्नुपर्नेछ ।

**६२. उपदान वा निवृत्तिभरण रोक्का:** बरबुझारथ गर्नुपर्ने शिक्षक तथा कर्मचारीले त्यसरी बरबुझारथ नगरेमा वा बुझ्नुपर्ने नबुझेमा वा बुझाउनुपर्ने नबुझाएमा निजले पाउने उपदान तथा निवृत्तिभरण रजिष्ट्रारको निर्णयबाट रोक्का गर्न वा नदिन सकिनेछ ।

**६३. उपदान वा निवृत्तिभरण पाउने:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहाएका शिक्षक वा कर्मचारीले निवृत्तिभरण पाउने छन् ।

क) उपदान तथा निवृत्तिभरण भुक्तानीको लागि सेवा अवधि गणना गर्दा नियम ५२ बमोजिम गणना गरिनेछ ।

(ख) अन्य विश्वविद्यालयबाट निवृत्तिभरण प्राप्त गरिरहेको शिक्षक, कर्मचारीको हकमा यस विश्वविद्यालयबाट निवृत्तिभरण दिइने छैन । तर उपदान प्रदान गर्न भने यो नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(ग) विश्वविद्यालयको स्थायी सेवामा कार्यरत रही यो नियम लागु हुनुभन्दा अगाडि राजिनामा दिई वा मृत्यु भई विश्वविद्यालय सेवाबाट अलग भएका शिक्षक, कर्मचारीहरूलाई पनि यसै नियमअनुसार उपदान तथा निवृत्तिभरण प्रदान गरिनेछ ।

(२) उपदान वा निवृत्तिभरणसम्बन्धी अन्य व्यवस्था, कार्यप्रणाली र सम्बन्धित फारामहरूको ढाँचा कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

**⊕+६३क. उपदान र निवृत्तिभरणसम्बन्धी विशेष व्यवस्थाः** (१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि तथा वन विज्ञान विश्वविद्यालय सभाबाट यो नियम पारित भएको मितिपछि नियुक्त हुने शिक्षक तथा कर्मचारीको हकमा उपदान वा निवृत्तभरण प्रयोजनको लागि यस नियमावलीको नियम ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२ र ६३ लागु हुने छैन ।

⊕+ सातौ संशोधन २०८० द्वारा थप ।

(२) नियम ५३ बमोजिम मासिक तलबबाट कट्टा गरिएको रकम र विश्वविद्यालयबाट थप गरिएको रकम र सोबापत पाउने व्याजसमेत नियम ६७ (ख) (२) को अवस्थाबाहेक यस विश्वविद्यालयका शिक्षक वा कर्मचारीले अन्य जुनसुकै प्रकारले सेवाबाट अलग हुँदाका बखत एकमुष्ट पाउनेछ । तर उक्त नियम ६७ (ख) (२) बमोजिम विश्वविद्यालय सेवाको निमित्त आयोगय ठहरिने गरी सेवाबाट हटाइएका वा बर्खास्त गरेका शिक्षक तथा कर्मचारीले उक्त कोषमा निजको तलबबाट कट्टा गरेको कुल रकम र सोबापतको व्याजमात्र एकमुष्ट पाउनेछ ।

(३) उप नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ५५ बमोजिम निवृत्तिभरण पाउने यस विश्वविद्यालयका शिक्षक वा कर्मचारीको हकमा उप नियम (१) र (२) को व्यवस्था लागु हुने छैन ।

## परिच्छेद - ९

## शिक्षक, कर्मचारीको सञ्चयकोष र सापटी

**६४. कर्मचारी सञ्चयकोषः-** *(१) **विश्वविद्यालयमा** पुरा समय काम गर्ने प्रत्येक पदाधिकारी, स्थायी शिक्षक वा कर्मचारीको सञ्चयकोष हुनेछ । उक्त सञ्चयकोषको रकम कर्मचारी सञ्चयकोषमा जम्मा गरिनेछ ।

(२) त्रि.वि. बाट यस कृषि तथा वन विज्ञान विश्वविद्यालयमा ऐनको दफा ३ (२) अनुसार समायोजन भएका आङ्गिक क्याम्पसका शिक्षक तथा कर्मचारीहरूले यस विश्वविद्यालय सेवामा प्रवेश गर्नुभन्दा अघिल्लो दिनसम्मको सञ्चयकोष, उपदान, निवृत्तिभरण, बिदा ***र अन्य सुविधा**लगायत सम्पूर्ण बाँकी बक्यौता त्रि.वि.बाट रुजु गरी आउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको सदस्यले पाउने मासिक तलबबाट १० (दश) प्रतिशतको दरले प्रत्येक महिना रकम कटाइनेछ र सो कटाइएको रकममा विश्वविद्यालयमा शतप्रतिशत थप गरी निज सदस्यको नाँउमा सञ्चयकोषमा जम्मा गरिनेछ ।

***×(४) खारेज गरिएको ।**

(५) त्रि.वि.अन्तर्गतका शिक्षक, कर्मचारी यस विश्वविद्यालय सेवामा आउनुभन्दा अघि साविकको विश्वविद्यालयमा सेवा गर्दा जम्मा भएको सञ्चयकोषको रकम त्रि.वि.लाई निज शिक्षक, कर्मचारीको सञ्चयकोषको खातामा जम्मा गर्न लगाइनेछ । कुनै शिक्षक, कर्मचारीले चाहेमा आफ्नो साविकमा रहँदा जम्मा भएको सञ्चयकोषको रकम आफैं लिईसमेत यस कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवामा आउन सक्नेछन् ।

***×(६) खारेज गरिएको ।**

***×(७) खारेज गरिएको ।**

(८) उपनियम (२) बमोजिम "तलब" भन्नाले शिक्षक, कर्मचारीहरूले पाउने भत्ता आदि समावेश नगरी खुद तलब र ग्रेडलाई मात्र जनाउनेछ ।

(९) निजहरूलाई विश्वविद्यालय सेवामा आएको मितिदेखि मात्र विश्वविद्यालय सञ्चयकोषको सुविधा दिइनेछ ।

(१०) यस नियमावलीमा व्यवस्था गरिएबमोजिमको सञ्चयकोष कट्टीसम्बन्धी सुविधा विश्वविद्यालयमा स्थायी सेवा गरी आएका शिक्षक वा कर्मचारीले मात्र उपभोग गर्न पाउनेछन् ।

**६५. सापटी तथा पेश्कीः-** शिक्षक तथा कर्मचारीहरूलाई दिइने पेश्की तथा सापटी कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

---

* पहिलो संशोधन २०७० द्वारा संशोधन ।

*× पहिलो संशोधन २०७० द्वारा खारेज ।

## परिच्छेद - १०
## शिक्षक, कर्मचारीको आचरण

**६६. विश्वविद्यालयका शिक्षक, कर्मचारीको आचरणः-** (१) विश्वविद्यालयका शिक्षक, कर्मचारीले विश्वविद्यालय र यसअर्न्तगतका निकायहरूमा सेवामा बहाल रहँदा वा कार्यरत रहँदा देहायबमोजिमको आचरणहरूको पालना गर्नुपर्नेछ ।

(क) शिक्षक वा कर्मचारीले कार्यसम्पादनको सिलसिलामा प्राप्त जानकारी र सूचनाको गोप्यता भङ्ग गर्न नहुने ।

(ख) तोकिएको समयमा नियमितताको पालना गरी रुजु हाजिर रहनुपर्नेछ ।

(ग) आफ्नो स्वार्थ रहेको विषयमा आफैँले निर्णय गर्न नहुने ।

(घ) प्राज्ञिक बहस, नेपाल प्राध्यापक संघ, कर्मचारी संघ जस्ता पेशागत सङ्गठन र सामाजिक संस्थाहरूमा उमेदवार हुने र भाग लिनेबाहेक राजनितिक दलको सदस्य भई राजनीतिक निर्वाचनमा उम्मेदवार बन्न पाइने छैन ।

(ङ) यदि राजनीतिक निर्वाचनमा उम्मेदवार बन्नुपर्ने भएमा कार्यकारी परिषद्ले अन्यथा निर्णय गरेबाहेक १५ (पन्ध्र) दिन अगावै विश्वविद्यालय सेवाबाट राजिनामा दिनुपर्नेछ ।

(च) आफू कार्यरत रहेको निकाय वा कार्यालयबाहेक कार्यकारी परिषद्ले तोकेको पदाधिकारीको स्वीकृतिबिना अन्य निकायमा पुरा वा आंशिक समयका लागि काम गर्न हुँदैन ।

(छ) आफ्नो नाता पर्ने कुनै शिक्षक वा कर्मचारी वा व्यक्तिको विषयमा आफुले निर्णय गर्न नहुने ।

(ज) खण्ड (छ) को प्रयोजनका लागि नाता पर्ने कुनै शिक्षक, कर्मचारी वा व्यक्ति भन्नाले पति/पत्नी, आफ्ना छोराछोरी, बुहारी वा जुवाइँ, सहोदर दाजु वा भाई र निजहरूका पत्नी, आमाबाबु सम्झनुपर्दछ ।

(झ) शिक्षक तथा कर्मचारीले कुनै परामर्श वा अनुसन्धानसम्बन्धी प्रतिष्ठान खोल्न वा सञ्चालन गर्न पाउने छैन ।

(ञ) अख्तियारवालाको स्वीकृतिबेगर शिक्षक वा कर्मचारीले कुनै संस्था वा ठाउँबाट प्राप्त छात्रवृत्ति स्वीकार गर्न पाइने छैन ।

(ट) शिक्षक तथा कर्मचारीले विश्वविद्यालयभित्र वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहने गरी आफ्नो आचरण तथा नैतिकता स्वच्छ र पवित्र राख्नुपर्नेछ ।

(ठ) नियम (ज) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान, परामर्श, प्राज्ञिक तथा व्यवसायिक प्रकृतिको सेवा वा काम गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन र सोसम्बन्धी अन्य व्यवस्था कार्यप्रणालीले तोकेअनुसार हुनेछ ।

(ड) शिक्षक तथा कर्मचारीले विश्वविद्यालयको कुनै सम्पत्तिको हानि नोक्सानी गर्नु-गराउनु हुँदैन ।

(ढ) विद्यार्थीहरूलाई शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानसम्बन्धी सल्लाह दिनु, विश्वविद्यालयमा आईपरेका समस्या समाधानमा विश्वविद्यालयलाई सहयोग गर्नु, मर्यादित र प्रतिष्ठित राख्नु तथा राख्न सहयोग गर्नु र विश्वविद्यालयको उद्देश्य प्राप्तिको लागि प्राज्ञिक उन्नयनमा तल्लीन रहनुपर्नेछ ।

(ण) शिक्षक तथा कर्मचारीहरूले विश्वविद्यालयसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि वा कार्यव्यवस्थापन प्रणाली र तोकिएबमोजिमका निर्देशनहरूको पालना गर्नुपर्दछ ।

(त) शिक्षक तथा कर्मचारीले अनुचित कार्य र भ्रष्टाचार वा भ्रष्टाचारजन्य कार्य गर्नु-गराउनु र संलग्न हुनु हुँदैन ।

(थ) आफूमुनिका पदाधिकारी, शिक्षक र कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्नेछ ।

(द) पदाधिकारी, शिक्षक र कर्मचारीले आफूभन्दा माथिका सबै पदाधिकारी, शिक्षक र कर्मचारीहरूप्रति उचित आदर देखाउनुपर्नेछ ।

(ध) कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले आफ्नो सेवासम्बन्धी कुरामा आफ्नो स्वार्थपूर्तिको लागि दूषित मनसायले कार्य गर्न नहुने ।

(न) कुनै पदाधिकारी, शिक्षक र कर्मचारीले व्यवसायिक प्रकृतिको कामकाज गर्दा विश्वविद्यालय, प्रचलित नेपाल कानून र मान्यता प्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाबाट तोकिएको वा प्रतिपादित व्यवसायिक नैतिकता र आचारसंहिताको पालना गर्नु-गराउनुपर्नेछ ।

(प) पदाधिकारी, शिक्षक वा कर्मचारी प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु-गराउनु हुँदैन ।

(फ) शिक्षकहरूले तोकिएको कक्षा लिने, सुपरिवेक्षण गर्ने र अन्य प्राज्ञिक कार्य गर्नुपर्नेछ र कर्मचारीहरूले तोकिएको कार्यविवरणअनुसारको कार्य गर्नुपर्नेछ ।

(ब) अपराध वा अपराधजन्य कार्यको प्रश्रय हुने गरी तालाबन्दी गर्नु, शारीरिक वा मानसिक कष्ट हुने गरी दबाब दिनु वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउनु वा उक्साउन लगाउनसमेत हुँदैन ।

## परिच्छेद - ११
## विभागीय कारबाही, सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था

**६७. सजायः-** उचित र पर्याप्त आधार वा कारण भएमा विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई तोकिएको अख्तियारवालाले देहायबमोजिमको सजाय गर्न सक्नेछ ।

(क) सामान्य सजाय

१. नसिहत दिने,

२. बढीमा २ (दुई) ग्रेड वृद्धि रोक्का गर्ने,

३. बढीमा २ (दुई) वर्षसम्मका लागि बढुवा रोक्का गर्ने ।

(ख) विशेष सजाय

१.भविष्यमा विश्वविद्यालय सेवाको लागि अयोग्य नठहरिने गरी विश्वविद्यालय सेवा बाट हटाउने वा बर्खास्त गर्ने,

२.भविष्यमा विश्वविद्यालयको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

**६८. नसिहत, ग्रेड वृद्धि वा बढुवा रोक्काः-** सजाय दिन पाउने अख्तियारवालाले देहायको कुनै अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ६७ (क) बमोजिम नसिहत दिन वा निजको ग्रेड वृद्धि वा बढुवा रोक्का गर्न सक्नेछ ।

(क) काम सन्तोषजनक नभएमा,

(ख) सरुवा भएको विश्वविद्यालयको सङ्गठन वा निकायमा म्यादभित्र हाजिर नभएमा,

(ग) आफू कार्यरत रहेको विश्वविद्यालयको सङ्गठन वा निकायमा पूर्वस्वीकृति नलिई बराबर अनुपस्थित रहेमा,

(घ) अनुशासनहीन काम गरेमा,

(ङ) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा,

(च) यस नियमबमोजिम बरबुझारथ नगरेमा,

(छ) तोकिएबमोजिमको कार्य नगरेमा ।

**६९. सेवाबाट हटाउने वा बर्खास्तः-** (१) देहायको कुनै अवस्थामा सजाय गर्न पाउने अख्तियारवालाले शिक्षक वा कर्मचारीलाई विश्वविद्यालय सेवाको लागि भविष्यमा अयोग्य नठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) आफ्नो कर्तव्य पालनमा लापरवाही गरेमा,

(ख) कार्य क्षमताको अभाव भएमा,

(ग) मानसिक सन्तुलन गुमाई जिम्मेवारी अनुसार कर्तव्य पुरा गर्न नसक्ने भएमा,

(घ) यस नियम ६८ बमोजिम सजाय पाइसकेपछि पनि पटकपटक सोही कार्य दोहोऱ्याएमा,

(ङ) विश्वविद्यालयबाहेक अन्य निकायमा पूर्वस्वीकृति बिना काम गरेमा,

**द्रष्टव्यः** यो नियम लागु हुनुभन्दा अघि विश्वविद्यालयको पूर्वस्वीकृति बेगर अन्यत्र पुरा समय वा आंशिक रूपमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले यो नियम लागु भएको ९० (नब्बे) दिनभित्र विश्वविद्यालयको स्वीकृति लिनुपर्नेछ अन्यथा यसै नियमअनुसार कारबाही गर्न सकिनेछ ।

(च) आचरणका नियमहरू बारम्बार उल्लङ्घन गरे वा पालना नगरेमा,

(छ) लगातार ९०(नब्बे) दिनसम्म बिना सूचना आफु कार्यरत निकाय वा कार्यालयमा अनुपस्थित रहेमा,

(ज) विश्वविद्यालय सेवाको प्रयोजनको लागि पेश गरिको शैक्षिक प्रमाण-पत्र तथा उपाधिहरू नक्कली ठहरीएमा ।

(२) देहायको अवस्थामा सजाय गर्न पाउने अख्तियारवलाले शिक्षक तथा कर्मचारीलाई विश्वविद्यालय सेवाको लागि भविष्यमा अयोग्य ठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) भ्रष्टाचारसम्बन्धी कसूरमा अन्तिम अदालतबाट सजाय पाएमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतबाट सजाय पाएमा ।

**७०. विभागीय कारबाही र सजायसम्बन्धी विशेष व्यवस्थाः-** (१) यस नियमावलीमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ऐन, नियमबमोजिम सो आयोगबाट र प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट विश्वविद्यालयका कुनै शिक्षक, कर्मचारीलाई विभागीय कारबाही गर्न लेखी आएमा आवश्यक प्रक्रिया पुर्‍याई सोबमोजिम विभागीय करवाही र सजाय गरिनेछ ।

(२) यस नियमावलीमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि नियमानुसार बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने शिक्षक र कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवामा गणना गरिने छैन ।

(३) यस नियममा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई लगातार ९० (नब्बे) दिनभन्दा बढी अवधि अनुपस्थित हुने शिक्षक, कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराइने छैन ।

(४) उपनियम (३) बमोजिमको अवस्थामा विद्यमान हुँदाहुँदै सो नियम विपरीत हाजिर गराएमा त्यसरी हाजिर गराउने अख्तियारवालालाई नियम ६८ बमोजिम विभागीय कारबाही हुनेछ ।

(५) हाजिर गराएको शिक्षक, कर्मचारीले खाएको तलब, भत्तासमेत त्यसरी हाजिर गराउने अख्तियारवालाको तलब भत्ताबाट असुल उपर गरिनेछ ।

**७१. तलब कट्टाः-** विश्वविद्यालयका शिक्षक वा कर्मचारीले जानाजानी वा लापरबाही गरी वा प्रचलित कानून विपरीत कार्य गर्नाले विश्वविद्यालयलाई हानीनोक्सानी भएमा सो सम्पूर्ण वा आंशिक हानि नोक्सानी निजको सञ्चयकोष बाहेकको तलबबाट कट्टा गरी असुल गरिनेछ ।

**७२. निलम्बनः-** (१) देहायको अवस्था विद्यमान भएमा सजाय गर्न पाउने अख्तियारवालाले सम्बन्धित शिक्षक वा कर्मचारीलाई निलम्बनमा राखी कारबाही गर्नेछ ।

(क) निलम्बन नगर्दा विश्वविद्यालयलाई हानिनोक्सानी हुने संभावना देखिएमा वा कारबाहीमा बाधा पर्ने भएमा ।

(ख) निलम्बन नगर्दा निजउपर लागेको अभियोगमा झुट्टा सबुत सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्ध सवुत प्रमाण लोप गर्न सक्ने सम्भावना भएमा,

(२) निलम्बनमा रहेको शिक्षक वा कर्मचारी दोषमुक्त हुने गरी वा कुनै सजाय पाउने गरी अख्तियारवालाबाट निर्णय भए पश्चात निजको निलम्बन समाप्त हुनेछ ।

**७३. सजायसम्बन्धी कार्यविधिः-** (१) यस नियमावलीबमोजिम सफाइको सवुत दिने उचित मौका नदिई सेवाबाट हटाउने वा बर्खास्त गर्न सकिने अवस्थामा बाहेक शिक्षक वा कर्मचारीलाई यस परिच्छेदबमोजिम सजाय गर्दा सजायको आदेश दिनुभन्दा अगाडि सजाय गर्न पाउने अख्तियारवालाले अनिवार्य रूपले सफाइको सवुत पेश गर्ने मौका दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सफाइको सबुत पेश गर्ने सूचना दिँदा शिक्षक वा कर्मचारी लगाइएको आरोप स्पष्ट रूपले किटान गरिएको हुनुपर्नेछ ।

(३) शिक्षक, कर्मचारी लगाइएको प्रत्येक आरोप यस परिच्छेदको कुन नियम अन्तर्गत के विषय र कारणमा आधारित छ सोसमेत स्पष्ट खुलाउनुपर्दछ ।

(४) उपनियम (३) बमोजिमको सूचना शिक्षक वा कर्मचारीले प्राप्त गरेपछि सो सूचनामा तोकिएको म्यादभित्र सो आरोपको सम्बन्धमा निजले सफाइ पेश गर्न सक्नेछ ।

(५) आरोप लागेका शिक्षक वा कर्मचारीको सफाइ प्राप्त भएपछि सोसम्बन्धमा अख्तियारवालाले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै व्यक्ति वा समितिद्वारा जाँचबुझ गराउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिमका अन्य व्यक्ति वा समितिले जाँचबुझ गरेकोमा प्रतिवेदनमा कारणसहितको आफ्नो ठहर तथा यथार्थ विवरण सबुत प्रमाण अख्तियारवालासमक्ष पेश गर्नुपर्नेछ ।

(७) उपनियम (५) बमोजिम अन्य व्यक्ति वा समितिबाट जाँचबुझ गराएको भए जाँचबुझ गर्नेको प्रतिवेदनमा आफ्नो ठोस रायसहित र अख्तियारवाला आफैँले जाँचबुझ गरेकामा आफ्नो रायसुझावसहित सजाय गर्ने अधिकारीसमक्ष पेश गर्नुपर्नेछ ।

(८) उपनियम (७) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सजाय गर्ने अख्तियारवालाले प्रस्तावित सजाय किन नगर्ने भनी उचित म्याद दिई प्रस्तावित सजाय पाउने शिक्षक वा कर्मचारीसँग स्पष्टीकरण माग गर्नुपर्नेछ ।

**७४. सेवा आयोगसँग परामर्शः-** यस परिच्छेद बमोजिम कुनै शिक्षक वा कर्मचारीलाई विशेष सजाय गर्नुपर्ने भई नियम ७३ बमोजिमको कार्यविधि पुरा गरी अन्तिम पटक स्पष्टीकरण लिइसकेपछि भविष्यमा विश्वविद्यालय सेवाको निमित्त आयोगय ठहरिने गरी सेवाबाट हटाउने गरी सजाय गर्नुभन्दा अगाडि कारबाहीका सम्बन्धमा उठेका सम्पूर्ण कागजात सेवा आयोगमा पठाई सोबारे सेवा आयोगबाट परामर्श लिनुपर्नेछ ।

**७५. सजाय गर्ने अधिकारीः-** ऐन वा यस नियममा स्पष्ट लेखिएकोमा बाहेक सामान्यतया यस परिच्छेदबमोजिमको सामान्य सजाय गर्ने अधिकार सम्बन्धित सङ्गठन वा निकाय प्रमुखलाई र विशेष सजाय गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

**७६. पुनरावेदनः-** कुनै शिक्षक वा कर्मचारीलाई यस परिच्छेद अन्तर्गत निजले पाएको सजायमा चित्त नबुझेमा आफ्नो पूर्ण विवरण र सजायको आदेशको सूचनाको प्रतिलिपि समेत साथै राखी सजायको सूचना पाएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतिस) दिनभित्र सो सजायको आदेश उपर विश्वविद्यालय पुनरावेदन आयोगमा पुनरावेदन दिन सकिनेछ ।

**७७. सेवामा पुनः कायम र तलब भत्ताः-** शिक्षक वा कर्मचारीलाई यस परिच्छेदबमोजिम विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश बदर भई निज पुनः सेवामा कायम भएमा विश्वविद्यालय सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पुरा तलब भत्ता ग्रेड वृद्धि भए त्यस्तो वृद्धि समेत निजले पाउनेछ ।

**७८. नोकरी थाम्न कर नलाग्नेः-** विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी भएको निर्णयमा चित्त नबुझी सम्बन्धित शिक्षक, कर्मचारीले विश्वविद्यालय पुनरावेदन आयोग समक्ष पुनरावेदन दिएकोमा सो पुनरावेदन उपर सुनुवाई भई पुनः बहाली हुने निर्णय भएमा सो निर्णयको सूचना पाएको मितिले सम्बन्धित शिक्षक वा कर्मचारी ३५ (पैतिस) दिनभित्र सम्बन्धित निकायमा हाजिर हुन नआए निजलाई सेवामा बहाल गर्न विश्वविद्यालय बाध्य हुने छैन ।

## परिच्छेद - १२
## विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य र अधिकार

**७९. विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य र अधिकारः-** विश्वविद्यालय सेवा आयोगको काम, कर्तव्य अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालय सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने,

(ख) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सेवाशर्तसम्बन्धी कानूनको विषयमा आवश्यक परामर्श दिने,

(ग) विश्वविद्यालय सेवामा शिक्षक तथा कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा नियम ७४ बमोजिम आवश्यक परामर्श प्रदान गर्ने,

(घ) विश्वविद्यालय सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सञ्चालन गर्ने गराउने,

(ङ) विश्वविद्यालय सेवामा शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवाको आधार र कार्यसम्पादन मूल्याङ्कन तथा कार्य क्षमताको अङ्क विभाजन कार्यकारी परिषद्को सिफारिसमा निर्धारण गर्ने गराउने र सोसँग सम्बन्धित ढाँचा फर्महरू तोक्ने,

(च) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको वृत्ति विकास वा क्षमता वा दक्षता वृद्धि गराउने विषयमा विश्वविद्यालयले मागेका सुझावहरूमा आवश्यक अध्ययन गरी उपयुक्त र प्रभावकारी हुने सुझावहरू प्रदान गर्ने,

(छ) एउटा विषयको दरबन्दीमा कार्यरत शिक्षकलाई अर्को विषयको दरबन्दीको शिक्षकमा परिवर्तन र एउटा पदमा कार्यरत कर्मचारीलाई समान तहको अर्को पदमा पद परिवर्तनसम्बन्धी विषयमा माग भएबमोजिम सम्बन्धित निकाय वा कार्यालयलाई आवश्यक परामर्श प्रदान गर्ने,

(ज) सेवा आयोगको कार्यक्षेत्रभित्र पर्ने विषयमा निरीक्षण वा जाँचबुझ गर्ने गराउने,

(झ) विश्वविद्यालयसँग सम्बन्धित कानूनबमोजिम तोकिएका अन्य कार्यहरू गर्ने गराउने ।

## परिच्छेद - १३
## विश्वविद्यालय सेवा आयोगको बैठक र निर्णय

८०. **विश्वविद्यालय सेवा आयोगको बैठक र निर्णयः-** (१) विश्वविद्यालय ऐन र विश्वविद्यालयको प्रचलित नियमहरूबमोजिम सेवा आयोगले गर्नुपर्ने कामहरू सेवा आयोगको बैठकबाट निर्णय भएबमोजिम कार्यान्वयन गरिनेछ ।

(२) सेवा आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् ।

(३) सेवा आयोगमा अध्यक्ष र १ (एक) जना सदस्यको उपस्थिति नभई बैठक बस्न सक्ने छैन ।

(४) बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) सेवा आयोगको निर्णय आयोगले तोकेको सदस्य वा अधिकृतले प्रमाणित गर्नेछ ।

(६) सेवा आयोगको निर्णय लिपिवद्ध गरी अभिलेख राखिनेछ । यस प्रयोजनको लागि सेवा आयोगले निर्णय पुस्तिकाको प्रयोग गर्न सक्नेछ ।

(७) सेवा आयोगको बैठक सञ्चालन र कार्यविधिहरू सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद - १४
## विश्वविद्यालय सेवाको परीक्षा सञ्चालन र पाठ्यक्रम निर्धारण

**८१. विश्वविद्यालय सेवाको परीक्षा सञ्चालनः-** (१) विश्वविद्यालय सेवाको पदपूर्तिका लागि आयोगबाट लिइने परीक्षा देहायको कुनै १ (एक) वा सोभन्दा बढी तरीका र प्रक्रियाद्वारा गर्न सकिनेछ ।

(क) खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा,

(ख) खुल्ला प्रतियोगितात्मक प्रयोगात्मक परीक्षा,

π**(ख१) विशेष आन्तरिक खुल्ला प्रतियोगिता**

*+**(ख२)** ऐनको दफा ३ (२) र यसै नियमावलीको नियम १६, (४) बमोजिम समायोजन भई यस विश्वविद्यालयमा आएका र समायोजन हुने अस्थायी, करार र मासिक ज्यालादारीको रूपमा कार्यरत सबै शिक्षक, कर्मचारी र मिति २०६९/०६/०४ भन्दा अगाडि यस विश्वविद्यालय सेवामा कार्यरत रहेका सबै शिक्षक, कर्मचारी बिचमा १ (एक) पटकको लागि मात्र विशेष आन्तरिक प्रतियोगिता गरी स्थायी पदपूर्ति गरिनेछ ।

π+**(ख२अ)** यस विश्वविद्यालयमा कम्तीमा २ (दुई) वर्षसम्म पूर्णकालीन करार/अस्थायी सेवा गरेका उप-प्राध्यापक, सहायक -प्राध्यापक, सहायक-प्रशासक वो सोसरह र सोभन्दा मुनिका पदहरूमा एक पटकका लागि मात्र उनीहरूको बिच मात्र विशेष आन्तरिक खुल्ला प्रतियोगिता गराई स्थायी पदपूति गरिने छ र यो व्यवस्था २०७४ साल आश्विन मसान्तसम्म मात्र कायम रहनेछ ।

π**(ख३) माथि खण्ड** (ख१), खण्ड (ख२), (ख२अ), मा उल्लेख गरिएबमोजिमको विशेष आन्तरिक प्रतियोगिताको हकमा उमेरको हद लाग्ने छैन ।

*+**(ख४)** विशेष आन्तरिक प्रतियोगिताको प्रक्रिया सेवा आयोगले तोकेबमोजिम हुनेछ ।

(ग) छनोट र मूल्याङ्कन,

(घ) अर्न्तवार्ता, र

(ङ) आवश्यकताअनुसार आयोगले तोकेका अन्य तरीका र प्रक्रियाहरूबाट ।

(२) उपनियम (१) बमोजिमको परीक्षासम्बन्धी मूल्याङ्कन विधि, भाषागत माध्यम र अन्य व्यवस्था र प्रक्रिया सेवा आयोगले तोकिएबमोजिम हुनेछ ।

(३) सेवा आयोगले शिक्षकको हकमा प्राज्ञिक परिषद्बाट र कर्मचारीको हकमा कार्यकारी परिषद्बाट निर्धारण भएको आधारमा परीक्षाका लागि प्राश्निक, परीक्षक, सम्परीक्षक, विशेषज्ञ वा अन्य उपयुक्त व्यक्तिको मनोनयन गर्न, समिति गठन गर्न वा अन्य आवश्यक व्यवस्था गर्ने गराउनेछ ।

(४) सेवा आयोगले सञ्चालन गर्ने परीक्षा हुने मिति, समय र स्थानसमेतको परीक्षा तालिका सार्वजनिक रूपमा प्रकाशन गरिनेछ ।

(५) उपनियम (४) बमोजिमको परीक्षा सेवा आयोगले कुनै उपयुक्त र पर्याप्त कारणको अभावमा स्थगित गर्न, रद्द गर्न वा संशोधन गर्न सक्ने छैन ।

(६) सेवा आयोगको कुनै पनि परीक्षा सञ्चालन हुँदाको बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी वा अनियमितता वा कुनै बाधा अवरोध खडा भई परीक्षा सञ्चालन हुन नसकेमा सो दिनको परीक्षा

---

π पाचौं संशोधन २०७४ द्वारा संशोधित ।

*+ पहिलो संशोधन २०७० द्वारा थप ।

π+ पाचौं संशोधन २०७४ द्वारा थप ।

वा सोसँग सम्बन्धित विज्ञापनको सम्पूर्ण परीक्षा आंशिक वा पूर्ण रूपले सेवा आयोगले कारण जनाई रद्द गर्न सक्नेछ ।

(७) परीक्षा सञ्चालनसम्बन्धी अन्य आवश्यक व्यवस्था सेवा आयोगले तोकिएबमोजिम हुनेछ ।

८२. **शैक्षिक योग्यता र पाठ्यक्रमः-** (१) यस नियमावलीको निमय ८१ बमोजिमको परीक्षासम्बन्धी पाठ्यक्रम तोक्ने अधिकार सेवा आयोगलाई हुनेछ ।

(२) सेवा आयोगले उपनियम (१) बमोजिम शिक्षकको पाठ्यक्रम तोक्दा प्राज्ञिक परिषद्सँग र कर्मचारी पदका लागि पाठ्यक्रम निर्धारण गर्दा कार्यकारी परिषद्सँग राय सल्लाह लिनुपर्नेछ ।

(३) सेवा आयोगले आवश्यकता अनुसार पाठ्यक्रम निर्धारण, संशोधन र समसामयिक सुधारका लागि आवश्यक दक्ष विशेषज्ञको मनोनयन वा समितिको गठन गर्न सक्नेछ ।

(४) सेवा आयोगले आवश्यकता र औचित्यका आधारमा समय समयमा परीक्षाको पाठ्यक्रम पुनरावलोकन गरी गराई परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(४) कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता सेवाको पदका लागि सेवा आयोगबाट तोकिएको वा मान्यता दिइएको योग्यता सरह छ छैन भन्ने निर्णय गर्ने अधिकार सेवा आयोगलाई हुनेछ ।

## परिच्छेद - १५
## विश्वविद्यालय सेवा आयोगसँग परामर्शसम्बन्धी कार्यविधि

**८३. विश्वविद्यालय आयोगसँग परामर्श लिँदा अपनाउनुपर्ने कार्यविधिः-** (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सेवाका शर्तसम्बन्धी नियमको विषयमा आयोगको परामर्श लिँदा रजिष्ट्रारमार्फत लिनुपर्नेछ ।

(२) रजिष्ट्रारले विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको सेवा शर्तसम्बन्धी कुनै नयाँ नियम बनाउनु परेमा वा भइरहेको नियममा कुनै संशोधन गर्नुपरेमा तत्सम्बन्धमा पूर्ण विवरण समेत खुलाई सेवा आयोगमा पठाउनुपर्नेछ ।

(३) विश्वविद्यालय सेवाको पदमा शिक्षक तथा कर्मचारीको सेवा, शर्तसम्बन्धी नियमबमोजिम तोकिएको अवधिभन्दा बढी अवधिका लागि नियुक्ति गर्न सेवा आयोगको परामर्श लिँदा सम्बन्धित पदाधिकारीले कार्यकारी परिषद्को निर्णयानुसार सेवा आयोगको परामर्श लिनुपर्नेछ ।

(४) शिक्षक तथा कर्मचारीलाई सेवा, शर्तसम्बन्धी नियमबमोजिम दिइने विश्वविद्यालयको सेवाका लागि आयोगय ठहरिने गरी सेवाबाट हटाउने विभागीय सजायको विषयमा सजाय दिने अख्तियारवालाले सेवा आयोगको परामर्श लिँदा नियमबमोजिम गर्नुपर्ने विभागीय कारबाहीको प्रक्रिया पुरा गरी सोको आधारमा ठहर हुनपर्ने विभागीय सजाय समेत खुलाई सम्बन्धित फाइलसाथ सेवा आयोगमा पठाउनुपर्नेछ ।

**८४. विश्वविद्यालय सेवा आयोगले परामर्श दिँदा अपनाउने कार्यविधिः-** (१) नियम ८३ को उपनियम (१) र (२) बमोजिम आयोगको परामर्श माग भई आएमा सेवालाई अधिक निपुण, प्रभावकारी र सुदृढ बनाउन सेवाको शर्तसम्बन्धी नियममा आवश्यक विचार र विश्लेषण गरी आयोगले परामर्श दिनेछ ।

(२) नियम ८३ को (३) बमोजिम परामर्श माग भई आएमा सेवा वा पदको कार्य प्रकृतिसमेतलाई विचार गरी परामर्श दिनेछ ।

(३) नियम ८३ को उपनियम (४) बमोजिम सेवा आयोगको परामर्श माग भई आएमा सेवा आयोगले आवश्यक ठानेमा सजाय दिने अधिकारीसँग अरु थप सवुत प्रमाणसमेत बुझी परामर्श दिनेछ ।

(४) नियम ८३ मा तोकिएको अवस्थामा बाहेक प्रचलित नियमबमोजिम सेवा आयोगले परामर्श दिनुपर्ने विषयमा सेवा आयोगले आवश्यक प्रक्रिया अपनाई परामर्श दिन सक्नेछ ।

## परिच्छेद - १६
## निरीक्षण

**८५. निरीक्षणः-** (१) विश्वविविद्यालय सेवामा नियुक्ति, बढुवा, विभागीय कारबाहीसम्बन्धी सेवा आयोगद्वारा प्रत्यायोजित कामहरू प्रचलित नियमबमोजिम सम्पादन भएको छ छैन भन्ने विषयमा सेवा आयोगले निरीक्षण, सुपरिवेक्षण र जाँचबुझ गर्न गराउन सक्नेछ ।

(२) सेवा आयोगले प्रत्यायोजन गरेको अधिकारबमोजिम नियुक्ति वा बढुवा गरेको नपाइएमा नियुक्ति वा बढुवा हुने पदमा निर्धारित प्रक्रिया र शर्त पुरा नगरी कुनै शिक्षक वा कर्मचारी वा व्यक्तिलाई नियुक्ति वा बढुवा गरेको पाइएमा सेवा आयोगले सो नियुक्ति वा बढुवा अनियमित ठहऱ्याउन सक्नेछ ।

(३) निरीक्षण गर्दा सेवा आयोगको कार्यविधि प्रतिकूल काम, कारबाही भए गरेको देखिएमा वा निरीक्षणमा सेवा आयोगलाई कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले सहयोग नगरेमा त्यस्तो अनियमित गर्ने वा सहयोग नगर्ने पदाधिकारी, शिक्षक वा कर्मचारीलाई आवश्यक कारबाही गर्न सेवा आयोगले कार्यकारी परिषद्मा सिफारिस गर्न सक्दछ ।

**८६. पुनरावलोकनः-** (१) सेवा आयोगले नयाँ नियुक्ति वा बढुवाका लागि सिफारिस पठाएकोमा सोबमोजिम नियुक्ति वा बढुवाको पत्र दिनुअगावै कुनै उम्मेदवारको सिफारिस उम्मेदवारले प्रस्तुत गरेका गलत विवरणको कारणबाट फिर्ता लिनुपरेमा सेवा आयोगले कारण उल्लेख गरी सिफारिस रद्द गरी योग्यता क्रमको अर्को सूचना प्रकाशित गर्नेछ ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी सेवा आयोगले प्रदान गरेका परामर्श सिफारिसबमोजिम कारबाही गर्न बाधा पर्न आएमा सो कारण खोली कार्यकारी परिषद्ले पुनः विचारार्थ सेवा आयोगमा लेखी पठाएमा सेवा आयोगले सोमा विचार गर्दा पूर्वपरामर्श वा सिफारिसलाई संशोधन गर्न पर्याप्त आधार देखेमा/पाएमा सेवा आयोगले पूर्वपरामर्श वा सिफारिसमा संशोधन गर्न सक्नेछ ।

## परिच्छेद - १७
## अधिकार प्रत्यायोजन

**८७. अधिकार प्रत्यायोजनः-** (१) सेवा आयोगले आफ्ना अधिकारहरूमध्ये केही वा सबै अधिकार विश्वविद्यालयको कुनै समिति वा आफैले समिति गठन गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार प्रत्यायोजन गर्न सक्ने छैन ।

(क) विश्वविद्यालयको प्राध्यापक वा सह-प्रध्यापक वा सोसरहको शिक्षक पदमा नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने विषयमा,

(ख) विश्वविद्यालयको प्रशासक वा सह-प्रशासक वा सोसरहको प्रशासनिक तथा अन्य पदमा नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने विषयमा,

(ग) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको सेवाको शर्तसम्बन्धी नियम संशोधन गर्ने विषयको परामर्श दिने विषयमा,

(घ) विश्वविद्यालयको शिक्षक तथा अधिकृत स्तरका कर्मचारीलाई दिइने विभागीय कारबाही अन्तर्गत दिइने विशेष सजायको सम्बन्धमा परामर्श दिने विषयमा,

(ङ) कुनै पनि शिक्षक वा कर्मचारी आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी सेवा शर्तहरू थपघट गर्ने विषयमा,

(च) करार सेवामा प्राध्यापक, सह-प्राध्यापक वा प्रशासक र सह-प्रशासक वा सोसरहको पदमा नियुक्ति गर्ने, सोभन्दा मुनिको कुनै पनि पदमा एकै पटक वा पटक-पटक गरी ३ (तीन) वर्षभन्दा बढी अवधिका लागि नियुक्तिका सम्बन्धमा सहमति दिने विषयमा,

(छ) शिक्षक पदबाट प्रशासनिक पदमा र प्रशासनिक वा अन्य पदबाट शिक्षक पदमा सेवा परिवर्तन गर्ने गराउने विषयमा ।

(२) सेवा आयोगले अधिकार प्रत्यायोजन गर्दा सो अधिकार प्रत्यायोजनसम्बन्धी सिद्धान्त प्रक्रिया वा कार्यविधि तोक्नेछ ।

(३) उपनियम (१) बमोजिम उजुरी परेमा सेवा आयोगले सोसम्बन्धमा जाँचबुझ गरी ६० (साठी) दिनभित्र विश्वविद्यालयका निकायहरूलाई आवश्यक आदेश दिनेछ ।

**८८. उजुरीः-** (१) यस नियमावलीबमोजिम सेवा आयोगद्वारा प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी गरेका काम कारबाहीमा चित्त नबुझ्ने शिक्षक, कर्मचारी वा व्यक्तिले सो काम कारबाही भए गरेको मितिले ३५ (पैतीस) दिनभित्र सेवा आयोग वा सेवा आयोगले तोकेको अधिकारीसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो काम कारबाहीउपर पुनरावेदन लाग्ने छुट्टै व्यवस्था भएमा सोहीबमोजिम पुनरावेदन लाग्नेछ ।

**८९. सेवा आयोगको कार्यालयः-** (१) सेवा आयोगका कामहरू सुचारु रूपले सञ्चालन गर्न गराउनु सेवा आयोगको १ (एक) छुट्टै कार्यालय रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यालय सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य अधिकृत कर्मचारीको प्रत्यक्ष रेखदेख वा नियन्त्रणमा रहनेछ ।

(३) सेवा आयोगको कार्यालयमा रहने शिक्षक वा कर्मचारीको दरबन्दी सेवा आयोगको सिफारिसमा कार्यकारी परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) सेवा आयोगको कार्यालयमा कार्यरत शिक्षक वा कर्मचारीको बिदा, काज, सरुवा र अन्य व्यवस्था सेवा आयोगको अध्यक्षको सिफारिस वा सहमतिबिना कार्यकारी परिषद्, केन्द्रीय कार्यालय वा कुनै पदाधिकारीले गर्न सक्ने छैन ।

**९०. आचारसंहिता:-** (१) सेवा आयोगको कार्यालयमा कार्यरत रहेका शिक्षक, कर्मचारीका लागि परिच्छेद- १० बमोजिम आचारसंहिता लागु हुनेछ ।

(२) यस्ता शिक्षक वा कर्मचारीका लागि विशेष आचारसंहितासमेत सेवा आयोगले तोक्न सक्नेछ ।

(३) यसरी तोकिएका विशेष आचारसंहिता विश्वविद्यालयका शिक्षक तथा कर्मचारी सेवा, शर्तसम्बन्धी नियममा समावेश भएसरह हुनेछ ।

**९१. कार्यविधि निर्धारण:-** सेवा आयोगले आफ्नो कार्यालयको काम कारबाहीसम्बन्धी आन्तरिक कार्यविधि र कार्यप्रणाली निर्धारण गर्न सक्नेछ ।

**९२. गोप्यता:-** (१) सेवा आयोगले लिने परीक्षाहरूसँग सम्बन्धित सबै प्रकारका अभिलेखहरू गोप्य रहनेछन् ।

(२) सेवा आयोगका अध्यक्ष तथा सदस्य एवं सेवा आयोगका कामसँग सम्बन्धित रहेका प्राश्निक, परीक्षक, विशेषज्ञ, दक्ष शिक्षक तथा कर्मचारीले बहाल रहेका वा अवकाशपछिको अवस्थामा समेत सेवा आयोगसम्बन्धी कामको गोप्यता कायम राख्नुपर्नेछ ।

**९३. विशेष व्यवस्था:-** यो नियम लागु हुनुभन्दा पहिले भएका काम कारबाहीहरूमध्ये टुङ्गो लागिनसकेका, काम, कारबाहीहरू तत्कालीन नियमबमोजिम नै वा आयोगले निर्णय गरी टुङ्गो लगाउन सक्नेछ ।

(२) यस विश्वविद्यालय ऐनबमोजिम त्रिभुवन विश्वविद्यालयबाट समावेश हुन आएका आंङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूसँग सम्बन्धित निकायहरूमा कार्यरत शिक्षक, कर्मचारीको समायोजन प्रक्रिया यस विश्वविद्यालय ऐनको अधीनमा रही कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद - १८
## पुनरावेदन आयोग

**९४. आयोगको गठनः-** (१) विश्वविद्यालयको साङ्गठनिक संरचना अन्तर्गत ३ (तीन) सदस्यीय १ (एक) विश्वविद्यालय पुनरावेदन आयोग गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिमको पुनरावेदनको आयोगमा १ (एक) जना अध्यक्ष र २(दुई) जना सदस्य रहनेछन्।

(३) पुनरावेदन आयोगको अध्यक्ष र सदस्यहरूको योग्यता र नियुक्तिसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ-ः

(क) कानूनमा स्नातक वा सोभन्दा माथिको तह उतीर्ण गरी कानूनी वा न्यायिक क्षेत्रमा कम्तीमा १० (दश) वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट १ (एक) जनालाई कार्यकारी परिषद्को सिफारिसमा विश्वविद्यालय सभाले पुनरावेदन आयोगको अध्यक्ष पदमा नियुक्त गर्नेछ ।

(ख) जनप्रशासन तथा व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा विशेषज्ञता भएका व्यक्ति वा विश्वविद्यालय सेवाबाट निवृत्त भएका कम्तीमा सह-प्राध्यापक वा सह-प्रशासक मध्येबाट कार्यकारी परिषद्को सिफारिसमा विश्वविद्यालय सभाले २ (दुई) जना सदस्यको नियुक्त गर्नेछ ।

(ग) उपनियम (ख) मा जेसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय सभाको बैठक नबसेको अवस्थामा सदस्यको पद रिक्त भएमा सो रिक्त सदस्यको पदमा कार्यकारी परिषद्बाट यस नियमबमोजिम योग्यता पुगेका व्यक्तिलाई सदस्य नियुक्त गर्न सकिनेछ। सो नियुक्ति लगत्तै बस्ने सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

(घ) आयोगका अध्यक्ष तथा सदस्यहरू आंशिक समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(ङ) देहायको अवस्थामा अध्यक्ष र सदस्यको पद रिक्त भएको मानिनेछः-

(१) कार्यकारी परिषद् समक्ष निजले पेश गरेको राजिनामा स्वीकृत भएमा,

(२) निजको मृत्यु भएमा,

(३) मानसिक असन्तुलन भएको भनी अधिकारिक रूपमा प्रमाणित भएमा,

(३) निजको पदावधि पुरा भएमा,

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतले कसुरदार ठहऱ्याई कैदको सजाय दिएमा,

(५) मनासिब माफिकको कारणबिना लगातार ३ (तीन) पटकभन्दा बढी आयोगको बैठकमा अनुपस्थिति भएमा ।

***+(६)** अन्य देशको स्थायी बसोबासको प्रमाणपत्र लिएमा ।

**९५. आयोगको अधिकार र अधिकारको प्रयोगः-** (१) आयोगले आफूलाई प्राप्त अधिकारको प्रयोग अध्यक्ष र सदस्यले सामूहिक रूपले गर्नेछन् । बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि अध्यक्ष र १ (एक) जना सदस्यको उपस्थितिमा पुनरावेदन किनारा लगाउन सकिनेछ ।

(३) अध्यक्षबाहेक २ (दुई) जना सदस्यहरूको उपस्थितिमा अन्तिम निर्णय दिनेबाहेक अरु कारबाही अघि बढाउन सकिनेछ ।

(४) उपनियम (२) बमोजिम अध्यक्ष र १ (एक) जना सदस्यको उपस्थितिमा पेश भएको निवेदन वा पुनरावेदनमा अध्यक्ष र सदस्यकाबीच राय बाझिन गएर निर्णय हुन नसकेमा सो दिन अनुपस्थित भएका सदस्यका समक्ष अर्को दिनको सुनुवाईको मिति तोकी पेश गरिनेछ ।

(५) निवेदन वा पुनरावेदनका सम्बन्धमा उपनियम (१) बमोजिम बहुमतबाट निर्णय हुन नसकेमा अध्यक्षको रायलाई नै आयोगको निर्णय मानिनेछ ।

---

*+ पहिलो संशोधन २०७० द्वारा थप ।

(६) आयोगको निर्णय अन्तिम हुनेछ ।

**९६. आयोगको अधिकार क्षेत्रः-** (१) सेवा आयोगले आन्तरिक प्रतियोगिताद्वारा गरेका नियुक्ति वा बढुवाका लागि गरेको सिफारिस विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९ वा विश्वविद्यालय सङ्गठन र शैक्षिक प्रशासन नियमावली, २०६९ ले तोकिएबमोजिम पुनरावेदन सुन्ने अधिकार पुनरावेदन आयोगलाई हुनेछ ।

(२) आयोगले सामान्यतया ३० (तीस) दिनभित्र पुनरावेदनको टुङ्गो लगाउनुपर्छ ।

**९७. आयोगको कार्यविधिः-** पुनरावेदनका सम्बन्धमा प्रमाण बुझ्ने, मिसिल झिकाउने, तारेख तोक्ने जस्ता कार्यसँग सम्बन्धित कार्यविधि आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

**९८. प्रतिरक्षाः-** आयोगमा परेको निवेदन वा पुनरावेदनका सम्बन्धमा पक्षले चाहेमा कानून व्यवसायीद्वारा बहस पैरवी र प्रतिरक्षा गराउन सक्नेछ ।

**९९. आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि तथा अन्य सेवा, शर्तसम्बन्धी सुविधाहरूः-** (१) आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि ३ (तीन) वर्षको हुनेछ ।

(२) आयोगका अध्यक्ष तथा सदस्यहरूो पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरू कार्यकारी परिषद्ले तोकेबोजिम हुनेछ ।

**१००. आयोगलाई आवश्यक कर्मचारी तथा अन्य व्यवस्थाः-** यस नियमावलीबमोजिम आयोगलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी र आवश्यक स्रोत, साधन कार्यकारी परिषद्ले उपलब्ध गराउनेछ ।

**१०१. निर्णयको कार्यान्वयनः-** आयोगको निर्णयको कार्यान्वयन सेवा आयोगको सम्बन्धमा सेवा आयोगले र अन्यको हकमा कार्यकारी परिषद्ले गर्ने गराउनेछ ।

**१०२. नक्कलः-** कुनै पक्षले मिसिलमा संलग्न कुनै कागजातको नक्कल लिन चाहेमा आयोगले तोकेबमोजिमको कार्यविधि पुरा गरी नक्कल दिनुपर्नेछ ।

## परिच्छेद - १९
## विविध

**१०३. पूर्वसूचनाः-** ***(१) स्थायी शिक्षक वा कर्मचारीले** विश्वविद्यालय सेवाबाट राजीनामा दिन चाहेमा निजले १ (एक) महिनाको पूर्वसूचना दिनुपर्नेछ ।

***(२) उपनियम (१)** बमोजिम सूचना नदिएको खण्डमा विश्वविद्यालयले निजसँग १ (एक) महिनाको तलब असुल गर्न सक्नेछ ।

***(३) माथि उपनियम (२)** मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी परिषद्ले उचित ठानेमा उक्त १ (एक) महिनाको अवधिलाई घटाउन सक्नेछ ।

**१०४. सुविधा दिनेः-** (१) विश्वविद्यालयको हितलाई ध्यानमा राखी कुनै पदको दरबन्दी खारेज गर्ने निर्णय भएमा र सो निर्णयको फलस्वरूप कुनै स्थायी शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवाबाट हट्ने भएमा सो शिक्षक वा कर्मचारीलाई ३ (तीन) महिनाको पूर्वसूचना वा ३ (तीन) महिनाको तलब दिनुपर्नेछ ।

(२) उपनियम (२) बमोजिम खारेज भएको पदमा विश्वविद्यालयले यथाशक्य विश्वविद्यालयका अरु खाली रहेका उपयुक्त पदमा मिलाउन प्रयास गर्नेछ ।

(३) विश्वविद्यालय सेवा अन्तर्गत अविच्छिन्न १० (दश) वर्षसम्म अस्थायी वा करार सेवामा काम गरेका तर ४५ (पैंतालिस) वर्ष उमेर ननाघेका शिक्षक तथा कर्मचारी कुनै कारणले स्थायी नियुक्ति हुन नसकेमा यो नियम प्रारम्भ भएपछि निजलाई बढीमा १० (दश) महिनाको सुरु स्केलको तलब एकमुष्ठ प्रदान गरी सेवाबाट अवकाश दिन सकिनेछ ।

**१०५. निरोगिताको प्रमाणपत्रः-** (१) स्थायी हुनुभन्दा पहिले प्रत्येक शिक्षक तथा कर्मचारीले विश्वविद्यालयबाट मान्यता प्राप्त कुनै चिकित्सकबाट निरोगिताको प्रमाणपत्र सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

(२) यो नियमको प्रयोजनका लागि विश्वविद्यालय वा नेपाल सरकार स्वास्थ्य सेवा अन्तर्गतका मान्यता प्राप्त चिकित्सकहरूबाट जारी भएको निरोगिताको प्रमाणपत्रलाई मान्यता दिइनेछ ।

**१०६. काम गर्ने समयः-** (१) शिक्षक वा कर्मचारीहरूले विश्वविद्यालयको निकायमा काम वा सेवा गर्नुपर्ने समय सम्बन्धित निकायको प्रमुखले ताकेबमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता परेको अवस्थामा कुनै पनि शिक्षक, कर्मचारीले सो तोकिएको समयभन्दा बढी काम वा सेवा गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम विश्वविद्यालयको निकायहरूमा काम वा सेवा गर्दा तोकिएको समयभन्दा बढी काम वा सेवा गर्नुपरेमा कार्यकारी परिषद्ले समय समयमा तोकेबमोजिम अतिरिक्त पारिश्रमिक दिनेछ ।

(४) अख्तियारवालाको स्वीकृति लिई आतिरिक्त काम वा सेवा गराएको भएमा मात्र अतिरिक्त पारिश्रमिक दिइनेछ ।

(५) काठमाडौं उपत्यकाभित्रको लागि प्रत्येक आर्थिक वर्षमा नेपाल सरकारले तोकेको स्थानीय बिदा हुनेछ ।

(६) उपत्यका बाहिरका निकायको हकमा स्थानीय रूपमा विचार गरी बढीमा ४ (चार) दिनको स्थानीय बिदा दिने अधिकार विश्वविद्यालयका सम्बन्धित निकाय प्रमुखलाई हुनेछ ।

(७) नेपाल सरकारले विशेष अवसरमा दिएको सार्वजनिक बिदा यस विश्वविद्यालयमा पनि लागु हुनेछ ।

---

* पहिलो संशोधन २०७० द्वारा संशोधित ।

**१०७. सेवा विवरणः-** (१) केन्द्रीय कार्यालयमा विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सेवासम्बन्धी विवरणको सेवा दर्ता किताव राखिनेछ ।

(२) सेवा विवरण दर्ता कितावमा शिक्षक वा कर्मचारीको उमेर, प्रवेशिका परीक्षाको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र अन्य शैक्षिक प्रमाणपत्रहरू, जन्म दर्ता, र जन्ममिति प्रमाणपत्र अनुसार उक्त सेवा विवरण भरिनेछ ।

(३) उपनियम (२) बमोजिम कुनै प्रमाणपत्र नभएमा उपकुलपतिबाट तोकेको समिति वा पदाधिकारीबाट उमेरको निर्णय मानिनेछ ।

(४) उमेरसम्बन्धी कुनै प्रश्न उठेमा विश्वविद्यालय सेवा विवरण दर्तामा चढाएको उमेर अन्तिम र आधिकारिक उमेर मानिने छ र विश्वविद्यालय सेवाबाट अनिवार्य अवकाशका लागि सोही सेवा दर्तामा चढाएको उमेर आधिकारिक गरिनेछ ।

(५) विश्वविद्यालय सेवा पुस्तिकामा प्रत्येक शिक्षक तथा कर्मचारीको सेवा तथा आचरणसम्बन्धी हरेक वर्ष प्राप्त हुने विवरण वा प्रतिवेदनको सारांश लेखी अभिलेखीकरण गरिनेछ ।

(६) शिक्षकहरूले विश्वविद्यालयमा पेश गरेका, वर्षभरिमा प्रकाशित गरेका पाठ्यपुस्तक वा अनुसन्धानात्मक कृतिहरूको सूचीसमेत उक्त अभिलेखमा समावेश गर्नुपर्ने छ ।

**१०८. बरबुझारथः-** (१) पदाधिकारी, शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवा छाड्दा अख्तियारवालाले तोकेको शिक्षक वा कर्मचारी वा व्यक्तिलाई निजले विश्वविद्यालय सेवा छोडेको ३५ (पैतिस) दिनभित्र यस विश्वविद्यालयको आर्थिक, प्रशासन नियमावली, २०६९ बमोजिम बरबुझारथ गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम बरबुझारथ नगरेसम्म सञ्चयकोषमा रहेको रकमबाहेक विश्वविद्यालयबाट पाउने रकम रोक्का गरिनेछ ।

(३) उपनियम (१) बमोजिम बरबुझारथ नगरेको खण्डमा निजसँग बाँकी रहेको बक्यौता उपनियम (२) मा लेखिएबमोजिम रोक्का रहेको रकमसमेतबाट अख्तियारवालाले असुलउपर गर्नेछ ।

(४) विश्वविद्यालयअन्तर्गत १ (एक) निकायबाट अर्को निकाय वा कार्यालयमा सरुवा हुने शिक्षक, कर्मचारीले यस नियममा उल्लेख भएबमोजिम बरबुझारथ गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम म्यादभित्र बरबुझारथ नगरेमा यस्ता शिक्षक, कर्मचारीको तलब रोक्का गरिनेछ ।

**१०९. राजिनामासम्बन्धी व्यवस्थाः-** (१) शिक्षक, कर्मचारीले स्वेच्छाले आफ्नो पदबाट राजिनामा दिन चाहेमा आफू कार्यरत कार्यालयमा लिखित रूपमा राजिनामा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम आफ्नो कार्यालयमा पेश हुन आएको राजिनामामा सम्बन्धित शिक्षक, कर्मचारीलाई राजिनामा स्वीकृत गर्ने अधिकारीको अगाडि सनाखत गराउन पर्नेछ ।

(३) नेपाल बाहिर रहेका शिक्षक, कर्मचारीले राजिनामा सनाखत गराउनु पर्दा नेपाली राजदुतावाससमक्ष र नेपाली राजदुतावास नभएको मुलुकमा रहेको भएमा सम्बन्धित मुलुकको नोटरी पब्लिकसमक्ष सनाखत गराई पठाउन सक्नेछ ।

⊕+(४) विश्वविद्यालय अर्न्तगतका सङ्कायहरूमा कार्यरत हेड असिष्टेण्ट वा सोसरह र सोभन्दा मुनिका पदमा कार्यरत कर्मचारीको राजिनामा सम्बन्धित डीनले स्वीकृत गर्नेछ ।

⊕+(५) विश्वविद्यालयका सङ्काय, केन्द्रीय कार्यालय वा अन्य निकायमा कार्यरत सहायक प्रशासक वा सोसरह र सोभन्दा मुनिका पदमा कार्यरत शिक्षक, कर्मचारीको राजिनामा रजिष्ट्रारले स्वीकृत गर्नेछ ।

---

⊕+ सातौं संशोधन २०८० द्वारा थप ।

[⊕+](६) उप प्रशासक वा सोसरह वा उप-प्राध्यापक वा सोसरह वा सोभन्दा माथिका पदमा कार्यरत शिक्षक, कर्मचारीको राजिनामा कार्यकारी परिषद्ले स्वीकृत गर्नेछ ।

**११०. कार्यव्यवस्थापन प्रणाली:-** यस नियमावलीको उद्देश्य पुरा गर्नको लागि यसै नियमावलीको अधीनमा रही कार्यकारी परिषद्ले निर्देशिका, कार्यविधि वा कार्यव्यवस्थापन प्रणाली बनाई लागु गर्न सक्नेछ ।

---

[⊕+] सातौं संशोधन २०८० द्वारा थप ।